मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३१६ ● २०८२ साल असोज ३१ गते शुक्रबार ● Friday 17, October 2025 ● सूर्योदयः बिहान ०६:०५ बजे ● सूर्यास्तः साँझ ५:३६बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जसपा नेपालमा यादव निर्वाचित

जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेश समिति अध्यक्षमा बालकिशोर प्रसाद यादव निर्विरोध चयन भएका छन्।

असोज २७ गतेदेखि जारी प्रदेश अधिवेशनले मुख्यसचिवमा ज्ञानेन्द्र कुमार यादव र कोषाध्यक्षमा विष्णु प्रसाद साहलाई चयन गरेको हो। ३ उपाध्यक्षका लागि सात, ३ सचिवका लागि चार र ४२ सदस्य पदका लागि ७२ जनाको उम्मेदवारी परेको छ।

# मधेश प्रदेशमा चौथो मुख्यमन्त्रीले लिए शपथ

# दुई विनाविभागीय मन्त्री

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेशको चौथो मुख्यमन्त्रीका रुपमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका नेता जितेन्द्र सोनलले पद तथा गोपनीयताको शपथ लिएका छन् । बिहीबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित समारोहमा मुख्यमन्त्रीमा नियुक्त प्रदेशसभा सदस्य जितेन्द्र प्रसाद सोनार (सोनल)ले शपथ ग्रहण गरेका हुन् । सोनलले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसँग भोजपुरी भाषामा पद तथा गोपनीयताको शपथ लिए । उनी लोसपा नेपालका मधेश प्रदेश अध्यक्ष पनि हुन् ।

बिहीबार बिहान ११ बजेका लागि शपथग्रहणको समय तोकिए पनि करिब १२ः३० बजे मात्रै शुरु भएको थियो । शपथ ग्रहण कार्यक्रममा सत्तामा सहभागी दलका संसदीय दलका नेताहरु, प्रदेश सभा सदस्यसहितको सहभागिता थियो । शपथग्रहणमा नेकपा एमालेका एक जना निवर्तमान मन्त्री प्रमोद जयसवाल मात्रै सहभागी थिए । त्यसैगरी शपथ ग्रहणमा सभामुख रामचन्द्र मण्डल सहभागी थिएनन् भने पूर्वमुख्यमन्त्री लाल बाबु राउत केही समय बसेर शपथग्रहण ढिलो भएपछि निस्केका थिए । निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंहको सिट भने पछिाडि राखिएको थियो । तरपछि सभामुख नआएपछि उनको नामको बोर्ड हटाएर सिंहलाई बस्न लगाइएको थियो ।

प्रदेश प्रमुख भण्डारीले सोनललाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम बुधबार साँझ ५ दलको ५६ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त गरेका थिइन् । बुधबार पाँच दलको ५६ प्रदेशसभा सदस्यको समर्थनमा सोनल मुख्यमन्त्रीमा नियुक्त भएका थिए । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको नेतृत्वमा गठन भएको नयाँ सरकारमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, माओवादी केन्द्र र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सहभागी छ ।

- **दुई दलका मन्त्रीले लिए शपथ**

मधेश प्रदेशका नवनियुक्त दुई मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव र नेकपा एकीकृत समाजवादी पार्टीका प्रमुख सचेतक कनिष पटेलले विनाविभागीय मन्त्रीका रुपमा पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)को उपस्थितिमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट दुवैले पद तथा गोपनीयताको शपथ लिएका हुन् । अधिकांश दलमा भने मन्त्री चयनका लागि विवाद देखिएको छ । सोनलले बुधबार सबै दलबाट एक–एक जनालाई पहिलो चरणमा मन्त्रिमण्डलमा राख्ने तयारी गरे पनि जसपा नेपाल, माओवादी केन्द्रले मन्त्रीको नाम नपठाएपछि दुई जनालाई मात्रै शपथ गराइएको छ । उसो त नेकपा एकीकृत समाजवादीमा समेत छनौटको विषयमा विवाद देखिएको छ । पार्टीका प्रदेश सभा सदस्य रत्नेश्वरलाल गोइतले पार्टी विधि र प्रक्रियामा चल्नुपर्ने



हो तर सधैँभरि माथिल्लो आदेशका भरमा चलाउने गरिएकाप्रति आपत्ति जनाएका छन् । यता, जनता समाजवादी पार्टी नेपालले समेत आफ्नो मन्त्रीको नाम पठाएको छैन । त्यसगरी लोसपामा समेत मन्त्री चयनका विषयमा विवाद देखिएको छ । पार्टीका संसदीय दलका नेता जयनुल राईनको नाम देखिएको छ । तर मुख्यमन्त्रीको दाबेदार मानिएको उपेन्द्र महतोलाई पार्टीले जसरी उपेक्षा गर्ने थालेको छ, त्यसले पार्टीभित्रको द्वन्द्व देखिएको छ । मन्त्री चयनमा समेत विवाद आउने सम्भावना छ ।

- **सुशासन र जनतालाई सरल सेवाः मुख्यमन्त्री**

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल) ले 'जेन्जी' आन्दोलनले उठाएको सुशासन, समृद्धि र जनतालाई सरल सेवा प्रवाहको माग सम्बोधन सरकारको पहिलो प्राथमिकता भएको बताएका छन् ।

पद तथा गोपनीयताको शपथ ग्रहणपछि बिहीबार सञ्चारकमीसँग कुरा गर्दै उनले सङ्घीयता बलियो बनाउन गठबन्धन सरकार बनेको उल्लेख गरे । विगतका सरकारले गरेका राम्रा कामको निरन्तरता तथा नयाँ कामको थालनी गरिने मुख्यमन्त्री सोनारले प्रतिबद्धता व्यक्त गरे । उनले बाँकी सहयात्री दलहरूका तर्फबाट चाँडै अन्य मन्त्री नियुक्ति हुने बताए ।

उनले जेन्जी आन्दोलनले उठाएको सुशासन, समृद्धि र आम जनतालाई सरल सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताए ।

उनले सुशासनका लागि अहिले सबैभन्दा पहिलो प्राथमिकता रहेको बताउँदै सुशासन र मधेशको समृद्धि नै आफ्नो उद्देश्य रहेको बताउँदै जनतालाई संघीयताको अनुभूति दिने गरी कार्य गर्ने समेत बताए । सोनलले मधेशको जनताले संघीयताका लागि धेरै बलिदानी दिएको र अहिले संघीयता कसरी बलियो बनाउन सकिन्छ भन्ने आफ्नो ध्यय हुने बताए ।

उनले सङ्घीयता बलियो बनाउन अहिलेको गठबन्धन सरकार बनेको बताउँदै विगतका सरकारले गरेका राम्रा कामको निरन्तरता तथा नयाँ कामको थालनी गरिने बताए ।

- **विवेक र क्षमताअनुसार सेवा गरेंः सिंह**

मधेश प्रदेशका निर्वतमान मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो उद्देश्य सेवा रहेको बताउँदै जनताको आफनो विवेक र क्षमताका आधारमा जनताको सेवा गरेको बताए । बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै सिंहले जनमत पार्टी परित्याग गरी बनेको जनस्वराज पार्टीले हाल कुनै पनि गठबन्धनको पक्षमा नउभिने स्पष्ट पारे । तर उनले नवनियुक्त मुख्यमन्त्री जितेन्द्र सोनललाई बधाई समेत दिए । उनले आफूले पदमा सेवाका लागि आएकाले सेवामै केन्द्रित भएको जिकिर गरे ।

सिंहले पानीको अभाव हुँदासमेत जनताका साथमा रहेको बताए । उनले भने, 'अहिले सनाखत प्रक्रिया चलिरहेको संवेदनशील अवस्थामा हामी कुनै एकपक्षीय समर्थनमा जाने पक्षमा छैनौँ । तर जोसुकैले जनमुखी, रचनात्मक र सुशासनमुखी एजेन्डा लिएर आउँछ, त्यसलाई हामी समर्थन गर्नेछौँ ।'

सिंहले आफ्नो मुख्यमन्त्री कार्यकाललाई पूर्ण रूपमा सफल रहेको दाबी गर्दै केही परियोजनाको सकारात्मक परिणाम चाँडै देखिने विश्वास व्यक्त गरे । उनका अनुसार, पूर्वाधार, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने प्रयास त्यस अवधिमा शुरु गरिएको हो । नयाँ राजनीतिक दल 'जनस्वराज पार्टी' को उद्देश्य र मार्गदर्शन सिद्धान्तबारे जानकारी दिँदै सिंहले यो पार्टी मधेशमा वैकल्पिक राजनीतिक शक्ति बन्ने विश्वास व्यक्त गरे ।

'जनता अब विकल्प खोज्दैछन् । पुराना संरचनाबाट निराश भएका जनताले जनस्वराज पार्टीलाई आशाको रूपमा हेर्न थालेका छन्,' सिंहले भने । पूर्व मुख्यमन्त्री सिंहले आफ्नो कार्यकालमा भएका कामको फेहरिस्त प्रस्तुत गर्दै युवामा देखिएको आक्रोश र अपेक्षा सम्बोधन गर्न नयाँ सरकारले ध्यान दिनुपर्ने सुझाव दिए । प्रदेशसभा सदस्य त्रिभुवन साहले पनि बुधबार जनस्वराज पार्टीको पक्षमा सनाखत गरेका छन् ।

स्मरण रहोस्, सिंह केही दिनअघि जनमत पार्टी छोड्दै नयाँ दल जनस्वराज पार्टीमा प्रवेश गरेका थिए । नयाँ दलले हाल मधेश प्रदेशमा स्वतन्त्र र तटस्थ नीति अपनाउने जनाएको छ ।

## जसपाका प्रदेश सभा सदस्य निलम्बित



मधेश प्रदेशमा जितेन्द्र सोनल नेतृत्वमा सरकार शपथ ग्रहण गरेकै दिनमा सरकारमा सहभागी दल जसपा नेपालका एक जना प्रदेश सभा सदस्य निलम्बित भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरी क्षेत्र नम्बर ४ 'ख'बाट निर्वाचित मधेश प्रदेशसभा सदस्य सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी कसुरमा आरोपपत्र दायर गरेको छ । सिंहले विभिन्न उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको खातामा जम्मा–दाखिला भएको रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम कसूरजन्य कार्य गरेको भन्दै आयोगले निजविरुद्ध बिहीबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

आयोगले मधेश प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका पूर्वराज्यमन्त्रीसमेत रहेका सिंहविरुद्ध ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ, धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष यमुनाप्रसाद महतो र कोषाध्यक्ष कौशिल्या देवीविरुद्ध एक लाख ८५ हजार २ सय ६० रुपैयाँ, धर्मशाला एवम् रामनारायणको घरदेखि रामवृक्षको गाछीसम्म निर्माण उपभोक्ता समितिको अध्यक्ष योगिन्दर महतो र कोषाध्यक्ष सुनयना कुमारीविरुद्ध छ लाख ५७ हजार ७ सय रुपैयाँ बिगोसहित कसुर तथा सजायको मागदाबी गरेको छ ।

त्यसैगरी अधुरो कमलामाई मन्दिर र मालतमाईस्थानको कम्पाउन्ड वाल निर्माण उपभोक्ता समितिका अध्यक्ष रामनाथ सहनी र कोषाध्यक्ष स्वीकृति देवी भन्ने स्वीकृति देवीविरुद्ध दुई लाख १४ हजार ३ सय ५० रुपैयाँ, माइस्थान मन्दिरको सौन्दर्यकरण उपभोक्ता समितिका अध्यक्ष रामशरण खत्वे र कोषाध्यक्ष बिभादेवी खत्वेविरुद्ध एक लाख ५० हजार रुपैयाँ, कञ्चनियामाई मन्दिर सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश मडर र कोषाध्यक्ष अमलेश कुमारीविरुद्ध पनि एक लाख ५१ हजार ४ सय रुपैयाँ बिगोसहित कसुर तथा सजायको मागदाबी अख्तियारको छ ।

देवी महारानी सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष दिपाराज देवी राजपुत र कोषाध्यक्ष भिखारी राउत कुर्मीविरुद्ध दुई लाख ९७ हजार ७ सय ९४ रुपैयाँ, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनीयासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समितिका अध्यक्ष भुपेन्द्रकुमार झाविरुद्ध १८ लाख ९१ हजार ९ सय रुपैयाँ बिगोसहितको कारबाही मागदाबी गरिएको छ ।

रधवा पिपलहुँदै अनहेरभाट स्थानसम्म सडक स्तरोन्नति निर्माण उपभोक्ता समितिका अध्यक्ष शम्भुकुमार मण्डविरुद्ध तीन लाख एक हजार ९ सय १५ रुपैयाँ, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनियासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समिति र रधवा पीपल हुँदै अनहेरभाट स्थानसम्म सडक स्तरोन्नति निर्माण उपभोक्ता समितिको कोषाध्यक्ष मञ्जु देवी पासवानविरुद्ध २१ लाख ९३ हजार ८ सय १५ रुपैयाँ बिगोसहित कसुर तथा सजायको मागदाबी गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।






# गृहमा जेन्जी हेल्पडेस्कमा गुनासादेखि दुःखसम्म

**काठमाडौँ ।**
‘सर नमस्कार, जेन्जी आन्दोलनका क्रममा घाइते हुनुभएका एक जनालाई समस्या आइप¥यो, सहजीकरण गरिदिनुप¥यो,’ गृहमन्त्रालयमा स्थापना भएको जेन्जी हेल्पडेस्कमा गुनासो सुनिसकेपछि दोलखाका साम्राज्य खड्काले गुनासोलाई सम्बन्धित ठाउँमा ‘रेफर’ गरिदिए ।

असोज ७ गते स्थापना भएको जेन्जी हेल्पडेस्कमा खड्कासँगै दैलेखका राजेन्द्र अधिकारी र मोरङका जुनाल गदाल हरेक दिन यसैगरी गुनासा सुन्छन् र सम्बन्धित ठाउँमा पु¥याउँछन् । ‘बिहान १० बजेदेखि काम शुरु हुन्छ, तर घर फर्कने टुङ्गो हुँदैन, कहिलेकाँही रात पनि यहीँ बित्छ,’ खड्काले कामको व्यस्तता सुनाए । फोन गर्नेहरु अधिकांशले गुनासा सुनाउँछन् भने कतिपयले सहयोगको अपेक्षा पनि राख्छन् ।

खड्काका अनुसार यो कुनै सरकारी नियुक्ति होइन । जेन्जी समूहले स्वयमसेवकका रुपमा उनीहरुलाई हेल्पडेस्कमा खटाएको हो । दैलेखका राजेन्द्र अधिकारीको अनुभवमा सिंहदरबारभित्र बसेर सहयोगी भूमिका निभाउन सजिलो नहुने रहेछ । ‘पहिले त जेन्जीलाई सिंहदरबारभित्र छिर्न पनि चुनौती थियो, अहिले विस्तारै सहज बन्दै गएको छ, हेल्पडेस्कमा काम गर्दा धेरै फरक अनुभव पनि भइरहेको छ ।’

अधिकारीका अनुसार फोन गर्नेहरुले सिंहदरबारमा पस्ने गेट पासदेखि अस्पतालमा उपचाररत घाइतेका समस्या सुनाइरहन्छन् । ‘प्रक्रियागत काम गर्दा कहिलेकाँही केही ढिला पनि हुन्छ, अलिकति ढिला हुँदा केही जेन्जी साथीहरु रिसाउनुहुन्छ, हामीलाई कतिपय अवस्थामा सम्झाउन पनि गाह्रो हुन्छ ।’जेन्जी हेल्पडेस्कमा हालसम्म १ सय २४ वटा गुनासा रेकर्ड भएका छन् । जसमध्ये ८३ वटा गुनासा जेन्जीले गरेका छन् । जेन्जी आन्दोलनका पीडित र पीडितका परिवारमा देखिएको समस्या सुल्झाउनतर्फ आफूहरु बढी केन्द्रित भएको अधिकारीको भनाइ छ । त्यसबाहेक स्थानीयस्तरमा भोग्नुपरेका गुनासा पनि हेल्पडेस्कमा आउँछन् ।

मोरङका जुनाल गदालका अनुसार जेन्जीका समस्यासँगै सिमान्तकृत समुदायले भोग्नुपरेका समस्या, सहकारीपीडितले पनि हेल्पडेस्क गुहार्छन् । ‘कतिपयले त हामीले उनका दुःखेसो सुनिदिँदा मात्रै पनि राहत महसुस गर्नुहुन्छ,’ गदालले भने, ‘यद्यपि अहिले हामी जेन्जीलाई नै केन्द्रित गरेर सहयोग गर्दै आएका छौँ ।’

उनका अनुसार कतिपय घाइते अस्पतालबाट डिस्चार्ज भएपछि दुःख पाएको अवस्था छ । यस्ता गुनासालाई हामीले उपलब्ध स्रोत र साधनबाट जतिसक्दो चाँडो सम्बोधन गर्ने प्रयास गरिन्छ । ‘हामीले यहाँ बसेर काम गर्दा सिहंदरबार र नागरिकबीच ठूलो खाडल रहेको पायौँ, यहाँ आएपछि नागरिकका पीडाबारे बोध भएको छ, उनको पीडामा मलहम लगाउने हाम्रो प्रयास हो ।’ हेल्पडेस्कमार्फत गुनासो गर्दा जेन्जीले सहयोग गर्छन् भन्ने धेरैलाई विश्वास लागेको उनको बुझाइ छ । यसले आफूहरुलाई थप जिम्मेवार बनाएको उनहरुको भनाइ छ ।

गृह मन्त्रालयका सहसचिव एवम् प्रवक्ता आनन्द काफ्लेले भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनपछि कतिपयले असुरक्षित महसुस गरेको, शान्ति सुरक्षामा चुनौती देखिएको र जेन्जी पुस्ताका थुप्रै गुनासो आउने हुँदा समाधानका लागि हेल्पडेस्क राखेको बताए । जसमा जेन्जी पुस्ताका युवाहरुले नै गुनासो सुन्छन् र समाधानमा सहजीकरण गर्दैआएका छन् ।

# निर्धारित समयमा निष्पक्ष निर्वाचनका लागि सरकार



**भक्तपुर ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकार निष्पक्ष निर्वाचन गर्नका लागि बनेको बताएका छन् । जिल्ला प्रशासन कार्यालय भक्तपुरको निरीक्षण गर्दै उनले सरकारले फागुन २१ गते निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्ने बताए ।

गृहमन्त्री अर्यालले निर्वाचनको वातावरण बनाउन सरोकार भएकाहरूलाई संवादमा आउन आग्रह गरे । उनले भने, ‘निर्धारित मितिमै निर्वाचन गर्न दलहरूले संवादमार्फत साथ र सहयोग गर्न आवश्यक छ । त्यसका लागि सरकारले सहजीकरण गरिरहेको छ । सरकार निष्पक्ष निर्वाचन गर्नका लागि बनेको हो, निर्वाचनमार्फत जो कोही पनि आउन सक्छन्, तर त्यसका लागि सबैबीच समन्वय भएर अगाडि बढ्न जरुरी छ ।’

निर्धारित मितिमा निर्वाचन गर्न नदिन केही तत्व लागिपरेको भन्दै गृहमन्त्री अर्यालले त्यस्ता तत्वलाई सम्झाइबुझाइ गर्नु आवश्यक रहेको बताए । उनले केही राजनीतिकर्मीले सुरक्षाकर्मीको मनोबल गिराउने काम गरको भन्दै मनोबल बढाउने काममा सरकारले काम गरिरहेको बताए ।

शान्ति, सद्भाव र सिङ्गो देशको राजनीति भत्काउन अपदस्त भएकाहरू नै लागिपरेको टिप्पणी गर्दै गृहमन्त्री अर्यालले भने, ‘भक्तपुर शान्तपूर्ण जिल्ला हो, तर अपदस्त भएकाहरूकै कारण देशमा विद्रोह भएकाले तिनीहरूलाई यो ठाउँबाट नकराउन र देशको राजनीति धुल्मिल्याउने खालका गतिविधि नगर्न सन्देश दिन चाहन्छौँ ।’

उनले आन्दोलनका क्रममा सवारीसाधन जलेको र हतियार लुटिएकाले सरकारले प्रहरीलाई आवश्यक स्रोतसाधनको व्यवस्था गर्न लागेको र जनतालाई शान्तिसुरक्षाको प्रत्याभूति हुनेगरी काम गर्न निर्देशन दिए । गृहमन्त्री अर्यालले भदौ २४ गते आन्दोलनका कारण जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट र मुद्दा फाँटमा आगलागी भएको क्षेत्रको अवलोकनसमेत गरे ।

प्रमुख जिल्ला अधिकारी नमराज घिमिरेले आन्दोलनक्रममा भएको क्षति र त्यसपछि उत्पन्न असहजता तथा शान्तिसुरक्षाबारे जानकारी गराए ।

# ५० किलो चाँदीसहित भारतीय पक्राउ



**मधेशदृष्टि**
**काठमाडौँ ।**
ललितपुर महानगरपालिका–१६ धौगलबाट सशस्त्र प्रहरीले भारतीय नागरिकलाई ५० किलो ७४ ग्राम अवैध चाँदीसहित पक्राउ गरेको छ । भारत, बिहार राज्य, पूर्वी चम्पारणको घोडासहन निवासी ३१ वर्षीय अभिषेक शेख पक्राउ परेको सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए । भारतबाट अवैध रूपमा चाँदी नेपाल ल्याई विभिन्न किसिमका गरगहना बनाएर बिक्री गर्दै आएका शेखलाई बिहीबार दिउँसो पक्राउ गरिएको हो ।

उनका साथबाट ५० किलो ७४ ग्राम चाँदीका गरगहना, १२ लाख ९१ हजार ९० रुपैयाँ नेपाली नगद, १ हजार २ सय ७० भारतीय रुपैयाँ, चाँदी तौल गर्ने मेसिन १ थान, इलेक्ट्रिक सिलाई मेसिन १ थान, आइप्याड र मोबाइल फोन बरामद गरिएको प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीले बरामद सामानसहित थप अनुसन्धानका लागि शेखलाई सम्बन्धित निकायमा बुझाएको छ ।

# हरि खेतान क्याम्पस प्रमुख राय निलम्बित

**मधेशदृष्टि**
**वीरगंज ।**
हरि खेतान बहुमुखी क्याम्पस वीरगंजका क्याम्पस प्रमुख किशोरी राय निलम्बनमा परेका छन् । क्याम्पसका अध्यक्ष पिपी खेतानले रायलाई निलम्बित गर्दै क्याम्पसका उपप्राध्यापक रविन्द्र कुमार यादवलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी दिएका छन् । अध्यक्ष खेतानले क्याम्पसको प्रशासनिक कार्य सुचारु राख्न र शैक्षिक क्रियाकलापमा निरन्तरता दिन अस्थायी रूपमा यादवलाई जिम्मेवारी तोकिएको बताए । निलम्बनको कारणबारे औपचारिक विवरण सार्वजनिक गरिएको छैन । क्याम्पस स्रोतका अनुसार पछिल्ला आन्तरिक विवादका कारण यो निर्णय गरिएको हो ।

# कांग्रेस बैठक शुक्रबार पुनःबस्ने

**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यही असोज २८ गतेदेखि जारी बैठकमा केन्द्रीय सदस्यहरूले समसामयिक राजनीतिक विषयमा धारणा राख्नेक्रम जारी छ ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बिहिवार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकको प्रारम्भमा कावा सभापति खड्काले पछिल्लो राजनीतिक घटनाक्रमबारे जानकारी गराएका थिए । यस्तै, महामन्त्री गगनकुमार थापाले बैठकमा विभिन्न प्रस्ताव प्रस्तुत गरेका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

आजको बैठकमा केन्द्रीय सदस्यहरू डा शेखर कोइराला, मोहनबहादुर बस्नेत, देवेन्द्रराज कँडेल, शिवप्रसाद हुमागाईं, राजीव कोइराला, गुरू बराल र नृपबहादुर वडले आआफ्नो धारणा राख्नुभएको थियो । पदाधिकारी र केन्द्रीय सदस्यहरूले धारणा राख्नेक्रम जारी रहेको र कार्यसमितिको बैठक शुक्रबार बिहान ११ः०० बजे पार्टीको केन्द्रीय कार्यालयमा पुनःबस्ने मुख्यसचिव पौडेलले बताए ।

यसअघि असोज २८ गतेको पहिलो बैठकमा सभापति शेरबहादुर देउवाले आफ्नो विशेष मन्तव्य राख्दै स्वास्थ्यका कारणले उपसभापति खड्कालाई कार्यवाहक सभापतिका रूपमा काम गर्नेगरी जिम्मेवारी तोक्नुभएको थियो ।

गत भदौ २३ र २४ गतेको ‘जेनजी’ प्रदर्शनका क्रममा भदौ २४ गते आफ्नै निवासमा आक्रमणकारीको साङ्घातिक हमलामा परी घाइते हुनुभएका सभापति देउवा उपचारपछि स्वास्थ्यलाभ गरिरहनुभएको पार्टी कार्यालयले जनाएको छ ।रासस




# टेक्रो पार्क गो २ नेपालमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ग्ल्यामर र स्टाइलको संसारमा लाखौंको सपना बुझ्ने नयाँ मोबाइल भित्रिएको छ । लाखौं प्रयोगकर्ताले अभ्यास गरेको टेक्नो स्पार्क गो २ मोबाइल सेट बिल्कुल नयाँ अवतारमा आएको र ग्राहकको रोजाइ हुन सक्ने बताइएको छ ।

यसको लन्चमा टेक्नो मोबाइलका सीईओ अरिजितताला पाल्राले भने, ‘टेक्नोको मान्यता छ कि राम्रो प्रविधि सबैको पहुँचमा हुनुपर्छ, हामीले स्पार्क गो २ मार्फत धेरै उच्चस्तरीय फोनको सुविधा दिएका छौँ । यसमा एआइ, अल्ट्रास्मुथ १२० हर्जको स्क्रिन, र नेटवर्क नभए पनि फोन गर्न मिल्ने सुविधा छ ।’ यो सेटको नेपालमा मूल्य ११ हजार ४ सय ९९ रुपैयाा रहेको छ ।

# खेलाडीको स्वास्थ्योपचारका लागि सहकार्य

**काठमाडौँ ।**
नेपालका राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी र प्रशिक्षकले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (नाम्स), वीर अस्पतालबाट स्वास्थ्य सेवा र उपचारमा विशेष छुट पाउने भएका छन् । राखेपमा बिहिवार आयोजित एक कार्यक्रमकाबीच राखेप र नाम्सले राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी, प्रशिक्षकलाई आवश्यकता अनुरूप विशेष सेवा दिनेगरी सम्झौता भएको छ । राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङ र नाम्सका उपकुलपति प्रा डा भूपेन्द्रकुमार बस्नेतबीच उक्त सहकार्यका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको हो । खेलाडी र प्रशिक्षकको सहजताका लागि सम्पर्क अधिकृत तोकेर यो सुविधा दिन लागिएको छ । यो सम्झौता पाँच वर्षको हुने र पछि सहमतिमा नवीकरण हुनेगरी अगाडि बढाइएको राखेपले जनाएको छ । नेपाली खेलकुद विकासमा थप टेवा पुग्नेगरी कूल ११ वटा सर्तहरूसहित सहकार्य भएको र नाम्सले खेलकुदमा नै काम गर्ने प्राविधिकसँगै कर्मचारीलाई पनि यो सुविधा उपलब्ध गराउनेछ । उनीहरूले विशेष ग्राह्यताका साथ दक्ष चिकित्सकको निगरानीमा स्वास्थ्य सेवा पाउने भएका छन् । खेलाडीले उपचारका क्रममा प्रयोगशालाबाट दिने सुविधामा विभिन्न चरणमा सहुलियत पाउनेछन् । प्रयोगशाला परीक्षण, बहिरङ्ग सेवा (ओपिडी), एक्स–रे, भिडियो एक्स–रे, अपरेसन, एमआरआई, सिटीस्क्यान र बिरामी भर्नालगायत सबै प्रकारका सेवामा अस्पतालको मूल्य सूचीबाट खेलाडीले छुटसमेत प्राप्त गर्नेछन् । अस्पतालका सबैखाले सेवामा ओलम्पियनले सबैभन्दा धेरै ८० प्रतिशत छुट पाउनेछन् ।

यस्तै, एसियाली र दक्षिण एसियाली खेलकुदमा पदक प्राप्त गर्ने तथा राष्ट्रिय टोलीका खेलाडीले ६० प्रतिशत, राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडीले ५० प्रतिशत र राखेपका कर्मचारीले ४० प्रतिशत छुट पाउनेछन् । राखेपको सम्पर्क अधिकृतले प्रमाणीकरण गरेपछि मात्र प्रतिष्ठानले खेलाडी, प्रशिक्षक र कर्मचारीलाई उक्त विशेष सेवा दिनेछन् । उपचारका साथै राखेपले आयोजना गर्ने खेलकुदका प्रतियोगितामा स्वास्थ्यसम्बन्धी शैक्षिक जनचेतना, प्राथमिक उपचार, एन्टी डोपिङ, फिजियो थेरापी र पोषणसम्बन्धी विभिन्न कार्यक्रम नाम्सले दिने सहमति भएको छ ।

राखेप सदस्य–सचिव टङ्कलाल घिसिङले नेपाली खेलकुद विकासमा लागेका व्यक्तित्वहरूलाई यो सहकार्यले ठूलो प्रोत्साहन पुग्ने विश्वास व्यक्त गरे । उनले नेपालमा यी दुई संस्थाको अस्तित्व भइरहँदासम्म सहकार्य होस् भन्ने आफ्नो चाहना रहेको बताए । राखेपले सञ्चालन गरेको मिसन– २०२६ लगायत राष्ट्रिय टोलीको प्रशिक्षणमा पनि विशेष प्रोत्साहन पुगोस् भन्ने उद्देश्यले नेपालको स्वास्थ्य क्षेत्रको सबैभन्दा जेठो अस्पताल र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसँग सहकार्य गरिएको घिसिङले बताए । राखेपले राष्ट्रिय टोलीका खेलाडी र प्रतियोगिताका क्रममा घाइते भएका खेलाडीलाई बिमासँगै उपचारमा केही खर्च गर्दै आए पनि यो सहकार्यले उनीहरूलाई ढुक्कसँग प्रशिक्षण गर्ने वातावरण मिल्ने उनको विश्वास छ ।

नाम्सका उपकुलपति प्रा डा भूपेन्द्रकुमार बस्नेतले देशको पहिचान गराउने खेल र खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले यो सहकार्य गरिएको बताए । उनले स्वस्थ्य रहन खेलकुद नै सबैभन्दा बलियो माध्यम रहेको उल्लेख गर्दै आगामी दिनमा थप सहकार्य बढाउँदै लैजाने बताए । उक्त कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सहसचिव रामचरित्र मेहता, नाम्सका निर्देशक डा दिलीप शर्मा, डा ज्ञानेन्द्रविक्रम शाह र राष्ट्रिय टोली तयारी समितिका निर्देशक दीपक विष्टलगायतको उपस्थिति थियो ।रासस

# ४ दिनमा २ लाख ८७ हजार बढीले खोप लिए

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको ४ दिनमा २ लाख ८७ हजारभन्दा बढीले खोप लिएका छन् । जिल्ला स्वास्थ्य कार्यालयका अधिकृत जयमोद ठाकुरका अनुसार आइतबारदेखि बुधबार सम्ममा गरी २ लाख ८७ हजार ४ सय ३५ जनाले खोप लिइसकेका छन् ।

हाल वडास्तरबाट तथा विद्यालयहरूमा समेत यो अभियानलाई तीव्रता दिइएको छ । विद्यालयहरूमा तिहार र छठ पर्वको बिदा हुनुअघि अभियान सम्पन्न गर्ने लक्ष्य छ । शहरी क्षेत्रका सर्वसाधारणले व्यस्तताले खोप लिन नपाइरहेको अवस्थामा ग्रामीण भेगमा भने अधिकांशले खोप लिएको उनले बताए ।

पर्सामा आइतबारदेखि हैजाविरुद्धको खोप अभियान शुरु गरिएको हो । एक वर्षमाथिका सबैले खोप लिन सक्छन् । पर्साका १४ वटै स्थानीय तहमा यो अभियान सञ्चालन गरिएको छ । छिमेकी बाराका १६ पालिकामध्ये कलैया, जीतपुरसिमरा, परवानीपुर, प्रसौनी, फेटा र विश्रामपुर गरी वीरगंज महानगरपालिकासँग जोडिएका पालिकाहरूमा यो अभियान चलाइँदैछ ।

वीरगंजमा फैलिएको हैजा नियन्त्रण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खोप व्यवस्थासम्बन्धी अन्तर्राष्ट्रिय समन्वय समूह आइसिजीसँग खोपको माग गरेको थियो । परिवार कल्याण महाशाखाको नेतृत्वमा विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको प्राविधिक सहयोगमा दुई जिल्लामा यो अभियान सञ्चालन गरिएको हो ।

इयूभिकोल–एस खोप एक मात्रा खुवाएको दुई सातापछि ८२ प्रतिशत प्रभावकारी हुन्छ । भदौ ६ गतेदेखि वीरगंज महानगरपालिकासहित पर्साका विभिन्न क्षेत्रमा फैलिएको हैजाको प्रकोप पूर्ण रूपमा नियन्त्रणमा नआएपछि खोप अभियान शुरु गरिएको हो । खोप अभियानले प्रभावित क्षेत्रका बासिन्दालाई रोगबाट जोगाउन र अन्य क्षेत्रमा महामारी फैलिनबाट रोक्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

कात्तिक २ गतेसम्म सञ्चालन हुने अभियानमा पर्सा जिल्लाका ६ लाख ५२ हजार १ सय २९ जनालाई इयूभिकोल–एस खोप लगाइनेछ । अभियानलाई प्रभावकारी बनाउन जिल्लाका १४ पालिकामा १ हजार ९ सय ५० खोप केन्द्र स्थापना गरिएको छ ।

केन्द्रहरूमा स्थानीय पालिका कार्यालय, वडा कार्यालय, सरकारी तथा निजी अस्पताल, सामुदायिक र निजी विद्यालय, कलेज, सरकारी कार्यालय, गैरसरकारी संस्था, मन्दिर, मस्जिद, चर्च, गुम्बा, बसपार्क, नेपाल–भारत सीमा नाका र उद्योग कलकारखाना समावेश छन् । अभियानमा १ हजार ५ सय ४४ जना महिला स्वास्थ्य स्वयंसेविका र ३ सय ५० जना स्वास्थ्यकर्मी गरी कुल १ हजार ८ सय ९४ जनशक्ति परिचालन गरिएको छ । पर्सा र बाराका लागि १० लाख १८ हजार १ सय डोज खोप ल्याइएको छ ।

भदौ ६ गते वीरगंजमा पहिलो पटक तीन जनामा हैजाको सङ्क्रमण पुष्टि भएको थियो । हालसम्म वीरगंज महानगरमा १ हजार ५ सय ६७ जना झाडापखाला र हैजाका बिरामी वीरगंजका विभिन्न अस्पतालमा उपचारार्थ आएका मध्ये २ सय २७ जनामा हैजा संक्रमण पुष्टि भएको थियो ।

# बाँसका भाँडाकुँडा बनाउने डोम जातिलाई भ्याइनभ्याई

**महोत्तरी ।**
तराई–मधेशका मिथिलाञ्चल क्षेत्रसहित महोत्तरीमा छठपर्वका लागि बाँसका भाँडा बनाउने डोम समुदायको अहिले व्यस्तता बढेको छ । वर्षैभरि सुँगुर पालन गरी जीविकोपार्जन गर्ने डोम जातिलाई अहिले तराईवासीको महान् पर्व छठ नजिकिँदै जाँदा बाँसका भाँडाकुँडा बनाउनभ्याइनभ्याई भएको जलेश्वर नगरपालिका–२ का रामजी डोमले बताए ।

गाँस, बास र कपासको जोहो गर्न समस्या पर्ने यो समुदायलाई छठपर्वको तयारी शुरु हुनासाथ असोज र कात्तिकभरि बाँसका भाँडा बनाएर बिक्री गर्न भ्याइनभ्याई हुने एकडारा गाउँपालिका–२ का तेतर डोमले बताए । छठपर्वका लागि बाँस र बेतबाट छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउन यहाँका डोम समुदाय जुटेका उनको भनाइ छ ।

दैनिक हातमुख जोड्न समस्या हुने यहाँका डोम समुदायले असोज र कात्तिकमा विभिन्न परिकार पकाएर खाने गरेको मनरासिस्वा नगरपालिकाकी ६० वर्षीया दुखनी डोमिनले बताए ।

बाँसको चोया र कट्टेरोबाट छिटी, डालो, नाङ्लो बुन्दै गरेकी पिपरा गाउँपालिका–४ की ५० वर्षीया निरसी डोमिनले भनिन्, 'छठपर्वको आगमनसँगै घरका बच्चादेखि बूढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउनमा व्यस्त हुन्छौँ भने बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले खुसी छौँ ।' आम्दानीबाट असोज, कात्तिक र आगामी केही दिनसम्म खुसीका साथ जीवन काट्न सकिने उनको भनाइ छ ।

मिथिलामा छठपर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाट बनाइएका छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरीमा अर्घ दिनुपर्ने प्रचलन भएकाले प्रत्येक परिवारमा पाँच–सातवटा बाँसका भाँडा आवश्यक पर्दछ । सोही कारणले डोमको व्यवसायले गति पाउनुका साथै आम्दानीमा बढोत्तरी हुने गरेको गौशाला नगरपालिकाकी सुनिता डोमिनले बताए ।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको जनविश्वास रहेको बताउँदै महोत्तरी गाउँपालिकाका ७० वर्षीय रामबाबु डोमले आफूहरू सोही कारण दिनरात बर्तालुहरूका निम्ति बाँसका भाँडा बनाउने गरेको सुनाए ।

महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वरका प्रदीप डोमले छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बेचेर असोज तथा कात्तिकभरिमा वर्षभरिकै सबै कर्जाहरू चुक्ता गरेर आउने पाँच–छ महिनाको खर्चपर्चको जोहो गर्न कमाइ हुने गरेको बताए । औरही नगरपालिकाका बेचन डोमले घरका बालकदेखि वृद्धासम्मले यो समयमा छिटी, डालो नाङ्लो, सुपली र बाँसका अन्य भाँडाकुँडा बेचेर प्रतिपरिवारले एक लाखदेखि एक लाख ५० हजार रुपैयाँसम्म आम्दानी गर्ने जानकारी दिए । अहिले जिल्लाका गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएका छन् भने मिथिलाको अन्य जिल्लाका डोम समुदाय पनि बाँस र बेतका भाँडाकुँडा बनाउन व्यस्त रहेका डोमअगुवा बिरजु डोमले बताए ।

दिनदिनै छठपर्व मनाउने व्यक्तिको संख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पु¥याउन सास्ती हुने गरेको भन्दै ती सामग्री बनाउन र मागअनुसार उपलब्ध गराउन भ्याइनभ्याई भएको उनको भनाइ छ ।

# घर लिपपोत र रङरोगनको चटारो

**मधेशदृष्टि**
**रौतहट ।**
दीपावली र छठ पर्व नजिकिँदै जाँदा रौतहटका बस्तीहरूमा अहिले उज्यालो रङ्गमा रङ्गिन थालेका छन् ।

यहाँका सर्वसाधारण घर लिपपोत र रङ रोगनको काममा व्यस्त छन् । घर वरिपरि सरसफाइ गरेर लिपपोत गर्दा लक्ष्मी प्रवेश गर्ने विश्वासका कारण यो बेला गाउँघरमा रङ रोगन गर्ने परम्परा अझै बलियोसँग जगेर्ना हुँदै आएको छ ।

'दीपावलीमा उज्यालो र सौन्दर्यको प्रतीकका रूपमा घर सिँगारिन्छ । यसले घरलाई आकर्षक त बनाउँछ नै, रमाइलो पनि हुन्छ,' गरुडा नगरपालिका–५ की गृहिणी हरपतिया देवी साह भन्छिन्, 'सबै छिमेकी मिलेर घर लिपपोत गर्दा आपसी मेलमिलाप पनि बढ्छ ।'

रौतहटका ग्रामीण बस्तीमा अहिले महिलाहरू पालैपालो एक अर्काको घर लिपपोत र रङरोगनमा सघाउँदै देखिन्छन् । आपसी सल्लाह, हाँसो–ठट्टा र रमाइलोका साथ हुने यो कामले बस्तीमा पर्वको वातावरण झल्किन्छ ।

केही वर्ष अघिसम्म लिपपोतका लागि पहेँलो, कमेरे र कालो माटो लिन स्थानीय महिला टाढासम्म जाने गर्थे । तर अहिले नदी किनार क्षेत्र उत्खननका कारण त्यस्ता प्राकृतिक रङका माटो पाइन छाडेका छन् ।

त्यसैले बजारमा पाइने चुन र रासायनिक रङको प्रयोग बढेको वृन्दावन नगरपालिका–१ की ५१ वर्षीया किसना देवी पटेल बताउँछिन् ।

दशैँमा व्यस्तताका कारण लिपपोत गर्न नभ्याएका गृहिणीहरू अहिले दीपावली र छठअघि घर सिँगार्नमा जुटेका छन् ।

बस्तीमा घरको भित्तो चम्किँदै गर्दा रौतहट अहिले साँच्चिकै उज्यालो र उत्सवमय बनेको देखिन्छ । दीपावलीपछि हुने छठ पर्वका लागि पनि यही बेला गरिएको लिपपोत घरमा रहेको विभिन्न सामाग्री सरसफाइ र रङरोगनलाई शुभ मानिन्छ । जसका कारण रौतहटका गाउँदेखि शहरसम्म अहिले घर–घरमा उत्साह र तयारीको रौनक देखिन थालेको छ ।

# प्रहरीद्वारा ६७ युनिट रगत सङ्कलन

**वीरगंज ।**
७० औँ नेपाल प्रहरी दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालयमा बिहीबार रक्तदान कार्यक्रम आयोजना गरेको छ । जिल्लामा हुने रगतको अभाव परिपूर्तिमा सहयोग पु¥याउने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरेको हो । नेपाल प्रहरी प्रदेश कार्यालय वीरगंज र जिल्ला प्रहरी कार्यालय पर्साले संयुक्त रुपमा आयोजना गरेको रक्तदान कार्यक्रममा ६७ युनिट रगत सङ्कलन भएको छ ।

नेपाल प्रहरी प्रदेश कार्यालय वीरगंजका प्रमुख शान्तिराज कोइराला र जिल्ला प्रहरी कार्यालय प्रमुख सुदीपराज पाठकले रक्तदातालाई 'ब्लड ब्याग' हस्तान्तरण गरेर रक्तदान कार्यक्रम शुभारम्भ गरेको थियो ।

'प्रहरी दिवस विविध कार्यक्रम गरेर मनाउँदै आइरहेका छौं,' पर्सा प्रहरी प्रमुख पाठकले भने, 'बुधबार विभिन्न धार्मिकस्थलहरूमा सरसफाई ग¥यौं । बिहीबार रक्तदान कार्यक्रम गरेका छौं । शुक्रबार प्रहरी दिवसको मूल कार्यक्रम गर्ने तयारी छ ।'




**Effective from 01 Kartik 2082 (18th October 2025)**
**INTEREST RATES**
**Deposit**

| Saving Deposit | Minimum Balance | % Per Annum | |
|---|---|---|---|
| Corporate Saving Account | 100 | 4.00 | |
| CorporateNari Bachat Khata | 1,000 | 4.20 | |
| CorporateSenior Saving | 1,000 | 4.20 | |
| Corporate Student Saving | 100 | 4.20 | |
| Corporate Bal Bachat | 1,000 | 4.20 | |
| Corporate Higher Saving | 5,000 | 4.50 | |
| CorporateFast Track | 10,000 | 4.85 | |
| Corporate Patron | 15,000 | 5.00 | |
| Super Corporate Saving | 25,000 | 5.30 | |
| Corporate Golden Saving | 50,000 | 5.50 | |
| Social Security Account | - | 4.00 | |
| Call Account | - | Up to 2.00 | |
| **Recurring Account** | | | |
| 3 Year Corporate Recurring | 1,000 | 6.00 | |
| 5 Year Corporate Recurring | 1,000 | 6.25 | |
| Above 5 Years Recurring | 100,000 | 6.50 | |
| Corporate Fixed Return | 100,000 | 6.50 | |
| Corporate Fifty Fixed | 100,000 | 6.00 | |
| **Fixed Deposit** | | Individual Minimum 3 Months | Institutional Minimum 6 Months |
| 3 months | - | 5.70% | - |
| 6 months | - | 6.00% | 5.00% |
| 1 Year | - | 6.25% | 5.25% |
| Above1 Year to 2 Years | - | 6.50% | 5.50% |
| Above 2 years | - | 7.25% | 6.25% |
| Special Fixed Deposit for 10 Months | 10,00,000 | 6.75% | 5.75% |

**Loan and Advance**

| | Premium over Base Rate (% p.a.) |
|---|---|
| Business Loan | 1.5% to 3.5% |
| Industrial Loan | 1.5% to 3.5% |
| Home Loan | 1.5% to 3.5% |
| Vehicle Loan/Auto Loan | 2% to 4% |
| Education Loan | 1.5% to 3.5% |
| Personal Overdraft | 2% to 4% |
| Term Loan | 2% to 4% |
| Agriculture Loan | Up to 2% |
| Prime Loan | 0.75% to 2.75% |
| **Deprived Sector** | |
| 1. Deprived Sector Loan (Institutional) | Up to 2% |
| 2. Deprived Sector Loan (Personal) | Up to 3% |
| 3. DSL Auto Loan/Low Cost Housing/others | Up to 3% |
| Other Loan | Up to 5% |
| Loan Against Fixed Deposit | Coupon rate + 2% or Base Rate (Whichever is higher) |
| **Fixed Interest Rate on Term loan up to 15 Years:** | Base Rate +4.5% |
| Average Base Rate (Asadh, Shrawan and Bhadra 2082) | 9.15% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa
Tel. No. : 051-531031
Branches: Buspark ( Bypass), Birgunj /Dryport Shrisiya, Birgunj / Tedaroad ,chorni, (Jeetpur), Barahathawa ( Sarlahi), Bardibas ( Mahottari)

सम्पादकीय

# अनुभवी नेता, चुनौतीका चाङ

मधेश प्रदेशमा नयाँ मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार(सोनल) लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का संसदीय दलका नेताका अलावा मधेश मामिलामा जानकार नेता हुन् । ५५ वर्षीय सोनल मधेशको राजनीतिक आन्दोलनका परिचायक पनि हुन्। बाराको लिपनिमालमा जन्मिएका सोनलको राजनीतिक यात्रा मधेशका विभिन्न चरणका आन्दोलनसँग पनि परिचित छ । मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) हुँदै राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) सम्मको यात्रा गरेका सोनल लोसपाको मधेश प्रदेश कमिटी अध्यक्ष भएकाले नाताले मुख्यमन्त्रीमा उनको दाबी स्वाभाविक थियो । विजित पनि भए।

मधेश प्रदेश सभामा दुई पटक निर्वाचित भएको र एकपटम मन्त्री पनि भएको अनुभव भएका उनी ठूलो मतान्तरले विजय हुने मधेशी नेता पनि हुन्।

प्रदेशको प्रशासनिक र विकास निर्माणबारे राम्रो अनुभव र ज्ञान भएका मुख्यमन्त्री सोनल जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र आफ्नै दल लोसपासहित पाँच दलको गठबन्धनका तर्फबाट मुख्यमन्त्रीको कुर्सीमा पुगेका हुन् । मधेशको विकसित भइरहने राजनीति, अस्थिरतामा रुमल्लिएको मधेश र मधेशी राजनीति अनि संघीयताको जननी दाबी गर्ने मधेशमा संघीयता सुधारका लागि गर्नु पर्ने प्रयासबारे सोनल जानकार छन्।

बलियो प्रतिपक्षी नेपाली कांग्रेस र नेकपा एमालेसँग प्रतिस्पर्धामा उत्रनु छ । सरकार चलाएको अनुभव भएको जनमत पार्टी र प्रदेश सरकार हाँकेको ७ वर्षको प्रमाणपत्र बोकेको जसपा नेपाल पनि साझेदार भएकाले उनले सरकारको सन्तुलन मिलाउनु छ । ससाना पार्टीहरुको चित्त बुझाउनु छ। समग्रमा मधेशमा लोसपाको खस्कँदो साख जोगाउनु छ अनि मधेशी जनताको आमूल परिवर्तन खातिर विरोध भइरहेको प्रदेश सरकार खारेजीको मुखमा परेको अवस्थामा मुख्यमन्त्री बनेकाले संघीयता पनि जोगाउन चुनौती छ।

# क्रिकेटमा नयाँ इतिहास: नेपाल तेस्रोपटक विश्वकपमा



राजु सिलवाल

नेपाली राष्ट्रिय क्रिकेट टिमले लगातारको सफलतापछि विश्व क्रिकेट जगतमा अब्बल टिमको रुपमा परिचय दिलाएको छ । मुलुकभित्रको विषम राजनैतिक परिस्थितिका साथै अन्योलपूर्ण अवस्थामा पनि नेपाली क्रिकेट खेलाडीहरूले निरन्तर विश्वकपमा प्रवेशको सपना देख्नुका साथै यथोचित सङ्घर्ष गर्दै सफलता हात पारेर मुलुकको शीर उँचो बनाइदिएका छन् । वेष्ट इण्डिज जस्तो टेष्ट प्रतियोगिता खेल्ने मुलुकलाई क्रिकेट श्रृंखलामै पराजित गरेर उच्च मनोबल बनाउँदै ओमान पुगेको नेपाली टिम आगामी सन् २०२६ मा भारत तथा श्रीलङ्कामा आयोजना हुने टि–ट्वान्टी विश्वकप क्रिकेट २०२६ का लागि तेस्रोपटक छनोट भएपछि सम्पूर्ण मुलुकवासी गौरवान्वित बन्न पुगेका छन्।

सन् २०१४ मा पहिलोपटक विश्वकपका लागि छनोट भएको भएको नेपालले १० वर्षपछि सन् २०२४ मा दोस्रो पटक विश्वकप खेलेको थियो। यसपाली लगातार विश्वकपमा सहभागिताका लागि प्रतिस्पर्धा गरिरहेको नेपाल छनोट चरणको दुई खेल सम्पन्न हुनुअघि नै विश्वकपमा प्रवेश गर्न सफल भएको थियो । संयुक्त अरब इमिरेटस युएईले सामुआलाई ७७ रनले पराजित गरेपछि नेपाल दुई खेलअघि नै विश्वकपमा प्रवेश पाउन सफल भएको हो । त्यसपछि नेपालले ओमानलाई उनीहरूको गृह मैदानमा सानदार नतिजाले पराजित गरेर सहभागीहरूको अङ्क तालिकामा आठ अङ्कसहित शिर्ष स्थानमा पुग्नु नेपालकै ठूलो ऐतिहासिक उपलब्धि मानिएको छ । नेपालले एशिया क्षेत्रीय छनोट प्रतियोगितामा उत्कृष्ठ प्रदर्शन गर्दै विश्वकपमा स्थान सुनिश्चित गरेको हो । नेपालले समूह चरणमा लगातार जित दर्ता गर्दै फाइनलमा उत्कृष्ट रनरेटका साथ विश्वकपमा प्रवेश गरेको समाचारले विश्वभर भरका सञ्चार माध्यममा स्थान पाएको छ।

**दोस्रोपटक प्लेयर अफ दि म्याच**

कुनै पनि खेलमा उत्कृष्ठ खेलाडी बन्न त्यति सहज हुँदैन । त्यसमाथि पनि विश्वकप छनोट जस्तो उच्चस्तरको क्रिकेट प्रतिस्पर्धामा दुई पटक प्लेयर अफ दि म्याचको उपाधि जितेर नेपाली ब्याटसम्यान कुशल भुर्तेलले उत्कृष्ठ खेलाडीको परिचय बनाएका छन् । विश्वकपको छनोटमा नेपालले खेलेका प्रायः सबै खेलमा ब्याटस्म्यान भुर्तेलले महत्वपूर्ण भूमिका निभाउन कुनै कसर बाँकी राखेनन् । नेपालले ओमानलाई ३८ रनले पराजित गर्दै प्रतियोगितामा आफ्नो अपराजित यात्रा कायम राख्दा उनको योगदान चर्चा योग्य रह्यो । बुधबारको खेलमा टस जितेर ब्याटिङ रोज्नुनै नेपालको उपयुक्त निर्णय हुन पुग्यो । विपक्षीलाई दबाबमा दिएर रन बटुल्ने काममा भुर्तेल जस्ता खेलाडीले सफलता हासिल गरे । कुवेतसँगको खेलमा कूल ६६ रन बनाई प्लेयर अफ दि म्याच बनिसकेका भुर्तेलले ओमानसँगको खेलमा ६९ रन बनाएर उत्कृष्ठ प्रदर्शन गरेका थिए । यस खेलमा बलिङतर्फ नेपालका लागि गुलसन झाले तीन विकेट लिएर ओमानलाई दबाब राख्न सफलता प्राप्त गरेका थिए । समग्रमा नेपालको ब्याटिङ, बलिङ र फिल्डिङ तीनै पक्षको समयोचित संयोजनले विजयोन्मुख गराएको थियो । सुपर सिक्स चरणको खेल सम्पन्न हुनु अगाडि नै नेपाल र ओमानले विश्वकपका लागि आफ्नो स्थान सुरक्षित गरेका थिए । अघिल्ला तीनवटै खेलमा लगातार विजय हासिल गरेका नेपाल र ओमानको समान अङ्क भएपनि नेट रन रेटको आधारमा अग्रस्थानमा रहेको ओमानलाई नेपालले घरेलु मैदानमै पराजित गरेपछि ओमानी खेलप्रेमीहरूले विश्वकप प्रवेशको खुशीयाली पनि उत्साहका साथ मनाउन सकेनन्।

**सन्दीपको सफलता**

केही साताअघि नेपाल र वेष्ट इण्डिजबीच भएको क्रिकेट श्रृङ्खलामा खेल्न सारजहाँमा पुगे पनि नेपाल क्रिकेट सङ्घद्वारा निलम्बनमा परेर खेल्न नपाएका लेग स्पिनर सन्दीप लामिछानेले विश्वकप छनोटको सिलसिलामा विभिन्न खेलमा विकेट त लिए । तर कतारलाई पराजित गर्दा लामिछाने एक्कैले लिएको पाँच विकेट प्रशंसायोग्य मानिएको छ । कतारविरुद्धको खेलमा नेपालले कतारलाई पाँच रनले पराजित गरेको थियो । हारको नजिक पुगिसकेको सो खेलको नतिजा अन्तिम ओभरमा आफ्नो पक्षमा ल्याउन सफल लामिछाने प्लेयर अफ दि म्याच बन्न सफल भएका थिए । उनले यस अघि पनि एउटै खेलमा पाँच विकेट लिइसकेका छन् । नेपाली खेलाडीहरूमध्ये सबैभन्दा बढी अन्तर्राष्ट्रिय अनुभव बटुल्न सफल लामिछानेको अन्तर्राष्ट्रिय विकेट संख्या २५५ पुगिसकेको छ । कतारबिरुद्ध कप्तान रोहित पौडेलले अर्धशतकको योगदान गरेका थिए।

**पीडा बिर्साउने दिपेन्द्र**

नेपालले विगतको पीडा भुल्ने मौका समेत ओमानमा पाएको थियो । विश्वकपको छनोट चरणको क्रममा नेपालले झिनो रनको सहायताले विपक्षीलाई पराजित गर्दै विगतको नतिजालाई बिर्सिन खोज्यो । सन् २०२४ को विश्वकपको सिलसिलामा नेपाल दक्षिण अफ्रिकासँग एक रनको अन्तरले पराजित भएको थियो । यसपालि नेपालले संयुक्त अरब इमिरेटस (युएई)लाई एक रनले पराजित गर्दै नेपालले विगतको पीडा बिर्सायो । यसरी झिनो अन्तरले पराजित गर्दै पीडा भुलाउने खेलाडी थिए दिपेन्द्रसिंह ऐरी । यसपालि सबैजसो खेलमा उनको भूमिका सन्तोषजनक मानिएको थियो । युएई बिरुद्धको खेलमा उनको बलिङ होस् वा फिल्डिङ उत्कृष्ठ रहेको थियो । उनले चार ओभरमा २२ रन दिंदै तीन विकेट लिएका थिए भने एउटा रन आउट समेत गरेका थिए।

नेपाललाई उक्त खेलमा बिजयी बनाउन प्रभावकारी भूमिका निभाएवापत उक्त खेलमा उनी प्लेयर अफ दि म्याच बन्न सफल भएका थिए । उनले तीन विकेट लिएका थिए । अन्तिम ओभरमा उनको बलिङ सानदार देखिन्थ्यो । तीन बलमा तीन रन आवश्यक भएको परिस्थितिमा तिनै बलमा विकेट लिएर उनले आफ्नो टिमलाई विजयोन्मुख गराउन पुगे । सो खेलमा आशिफ शेखले अर्धशतक बनाएका थिए । युएईले जित्ने आँकलन गरेको खेलमा पनि पराजय भोग्नु परेको थियो।

**२५ वर्षपछि भेट**

विश्वकप छनोटका सिलसिलामा नेपाल र जापानबीच धेरै वर्षपछि भेट भएको छ । विगतमा दुई मुलुकबीच एशियन क्रिकेट काउन्सिल (एसिसी)अन्तर्गत प्रतिस्पर्धा हुने गरेको थियो भने हाल जापान पूर्वी एशिया प्रसान्त क्षेत्रअन्तर्गत प्रतिस्पर्धा गर्ने गरेकाले विश्वकप छनोटले दुई देशका टिमलाई २५ वर्षपछि प्रतिस्पर्धा गर्ने अवसर जुटाई दिएको थियो । नेपालले जापानलाई पाँच विकेटले पराजित गरी सुपर सिक्समा प्रवेश गरेको थियो।

**कप्तानको अनुभूति**

सन् २०१४ मा नेपाल पहिलोपटक विश्वकपमा प्रवेश गर्दा नेपाली राष्ट्रिय टिमका कप्तान पारस खडका थिए । उनी हाल नेपाल क्रिकेट सङ्घ क्यानको सचिवको भूमिकामा रहेका छन् । नेपाल तेस्रो विश्वकपतर्फ अगाडि बढिरहेपछि उनले सामाजिक सन्जाल फेसबुकमार्फत क्रिकेट सङ्घ सम्बन्धित सबैलाई बधाई दिएका छन् । उनले अब नेपाललाई इण्टरनेशनल क्रिकेट काउन्सिल (आइसिसी)को पूर्ण सदस्य राष्ट्र बनाउने चाहना स्पष्ट पारेका छन् । विश्वकप क्रिकेट छनोटका सिलसिलामा टिम व्यवस्थापनदेखि मैदानमा समेत सक्रिय भूमिका निभाइरहेका २२ वर्षीय रोहित पौडेल पनि आफ्नो नेतृत्वको टिम विश्वकपमा प्रवेशपछि बधाई थाप्न र समर्थकलाई बधाई दिने काममा ब्यस्त रहेका छन् । विश्वकप छनोटको तयारीको अवस्थामै उनले १२ कक्षाको परीक्षा उत्तीर्ण गरेका थिए । उनले समर्पण, विश्वास र एकताबाट फेरि विश्वकपमा जाने सपना वास्तविकतामा परिणत भएको धारणा फेसबुकमार्फत ब्यक्त गरेका छन्।

**महिला पनि सँगसँगै**

पुरुष क्रिकेट टिमले विश्वकपमा छनोट हुनका लागि दाबेदारी प्रस्तुत गरिरहँदा नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पनि आफ्नो टिम सशक्त भएको उदाहरण प्रस्तुत गर्नु अर्को गर्वको प्रसङ्ग मानिएको छ । नेपाली महिला क्रिकेट टोलीले पछिल्लो पटक टि–ट्वाण्टी अन्तर्राष्ट्रिय श्रृंखलामा मलेसियालाई उनीहरूकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो । क्वालालम्पुरमा भएको उक्त प्रतियोगितामा सञ्चालन गरिएको पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि आफ्नो कब्जामा लिन सफल भएको हो । नेपालमा सन् २००० मै महिला क्रिकेटको शुरुवात भएको थियो । नेपाल क्रिकेट सङ्घ (क्यान) ले सन् २००५ मा पहिलोपटक महिला घरेलु क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो । क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टिमको निर्माण सन् २००७ मा गरेर अन्तर्राष्ट्रिय सहभागिता प्रारम्भ गरेको थियो।

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको प्रतिनिधित्व गर्दै आइरहेको छ । महिला टोलीले सन् २००७ को जुलाईमा एसिसी महिला क्रिकेट प्रतियोगिताबाट अन्तरराष्ट्रिय डेब्यू गरेर अहिले टि–ट्वाण्टी इण्टरनेशनलको विश्व वरियताक्रममा २१औं स्थानमा पुगिसकेको छ । नेपालले सन् २००७ मा थाइल्याण्डविरुद्ध अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यू गरेको थियो । नेपाली महिला टोली पहिलो पटक टि–ट्वाण्टी इण्टरनेशनल क्रिकेट भने सन् २०१९ को जनवरी १२ तारिखका दिन चीनसँग खेलेको थियो । यसअघि नेपाली महिला टोलीले २०१२ मै पहिलोपटक महिला टि–ट्वाण्टी एसिया कपमा भाग लिएको थियो । नेपाली टोली सन् २०१६ महिला एसिया कपको लागि पनि छनोट भएको थियो । नेपालको जुनियर महिला टोलीले आइसीसी महिला यू–१९ विश्वकप एसियाली छनोट, सन् २०२२ मा तेस्रो स्थान हासिल गरेको थियो । नेपालले २०२७ मा आइसीसी यू–१९ महिला विश्वकप आयोजना गर्ने तयारी गरेको छ । उक्त आयोजना महिला क्रिकेटको विकासकालागि कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

**सरकारको सम्मान**

खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण भूमिका खेलेका नेपाली क्रिकेट खेलाडीहरूको सम्मानमा नेपाल सरकारले हुलाक टिकट प्रकाशन गर्नु गौरवको विषय मानिएको छ । नेपालमा विगतमा खेलकुदसम्बन्धी विभिन्न हुलाक टिकट प्रकाशन गरिए पनि पहिलोपटक क्रिकेट खेलका पुरुष तथा महिला खेलाडीका बेग्लाबेग्लै हुलाक टिकट प्रकाशन गरिनु सानो सम्मान होइन । हुलाक सेवा विभागले आइसिसी पुरुष विश्वकप तथा आइसिसी महिला यु १९ विश्वकपमा भाग लिएका खेलाडीहरूको तस्बिर अङ्कित हुलाक टिकटमा प्रकाशनको पहिलो टाँचा लगाउने कार्यको प्रारम्भ गरेको थियो।

पुरुष तथा महिला क्रिकेट खेलाडीका बेग्लाबेग्लै दुई प्रकारका हुलाक टिकट पाँच लाख प्रति प्रकाशन गरिएको छ । विश्वकपमा प्रवेश गरिसकेपछि अब टिम स्वदेश फर्कदा नेपाली खेलाडीहरूको उचित सम्मान गर्न सम्बन्धित निकायले तयार गर्ने नै छ । विजयी खेलाडीका लागि सरकारले घोषणा गरेको आर्थिक पुरस्कार यथाशीघ्र प्रदान गर्न पनि सरकारले प्राथमिकता दिनु पर्दछ । मुख्यतः खेलाडीले खेलेरै बाँच्न सक्ने अवस्थाको सिर्जना गरी रोजगारका लागि विदेशिने क्रमको अन्त्य गर्न सरकारको सक्रियता अति महत्वपूर्ण मानिएको छ।

नेपालले तेस्रोपटक टि–ट्वाण्टी विश्वकपमा प्रवेश गर्नु क्रिकेट खेलाडीहरूको मात्र सफलता नभएर सम्पूर्ण नेपालकै लागि गर्वको क्षण मानिएको छ । खेलाडीहरूको लगातार कठिन परिश्रम, सङ्घर्ष तथा राष्ट्रप्रेमको परिणामस्वरुप नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो पहिचान थप बलियो बनाउन सफल भएको छ । यो उपलब्धि केवल खेलाडीहरूको मात्र नभई सम्पूर्ण नेपाली जनताहरूको हो । यस ऐतिहासिक उपलब्धिले नेपाली खेलाडीहरूलाई आगामी दिनका कठिन चुनौतीहरूलाई सामना गर्न संयम र सक्षम बनाउने छ । नेपालले अब विश्व क्रिकेटमा आफ्नो सम्मान र पहिचान कायम गर्दै नयाँ अध्याय लेख्ने विश्वासमा समस्त देशवासीहरू आशावादी रहेका छन् । रासस

# फूलखतीमा रमाउँदै भक्तपुरका महिला

रमेश गिरी



मखमली र सयपत्री फूलले ढकमक्क बनेको बारीको पाटोदेखि धान फल्ने खेतका गह्राहरूमा बिहानीको पारिलो घामको न्यानोमा भक्तपुरका महिलाहरूलाई फूल टिप्न भ्याइनभ्याई छ । बिहान उठेर फूल टिपेर घरमा पुग्न नपाई पाकेको खाना खाएर फेरि आँगन र पिढीँको डिलमा बस्दै महिलाहरू सियो धागो मिलाउँदै त्यही फूलका माला गाँस्न अभ्यस्त देखिन्छन्।

गाँसेका मालालाई लहरै झुण्ड्याएर राख्न, ढकमक्क फुलेका सयपत्रीलाई मुठा पारेर बजार पु¥याउने काममा परिवारका अन्य सदस्यहरू पनि उत्तिकै ब्यस्त देखिन्छन् । कोही फूल र माला लिन आएका व्यापारीसँग आफ्नै आँगनमा बसेर मोलतोल गरिरहेका हुन्छन् । तिहार नजिकिएसँगै सूर्यविनायक नगरपालिका–७ गुण्डुको प्रत्येक घरआँगनमा अचेल देखिने दृश्य हो यो।

भक्तपुरकै पुरानो बस्ती चाँगुनारायण नगरपालिका–९ ताथलीका बनमाला समुदायले केही वर्षौंदेखि व्यावसायिक रुपमा मखमलीको फूलखेती गर्दै आएको छ । यहाँका बनमाला समुदायले एक सय वर्षदेखि नै मखमली फूलको खेती गर्दै तिहारमा स्थानीयस्तरदेखि भक्तपुरको बजारसम्म पु¥याएर आर्थिक उपार्जन गर्दै आएको छ । यस पेशा आजसम्म पनि पुस्तान्तरण हुँदै आएपछि ताथलीका बनमाला समुदायले फूलखेतीलाई निरन्तरता दिदै आएका छन् भने राम्रो आम्दानी हुन थालेपछि यहाँका अन्य समुदाय एवम् जातजातिले पनि केही वर्षदेखि व्यावसायिक रुपमा मखमलीको फूलखेती गर्दै आएका छन्।

त्यस्तै भक्तपुरको गुण्डुमा पछिल्लो चार दशकदेखि भित्रिएको फूलखेती अहिले व्यावसायिक रुपमा परिणत हुँदै करोडौंको फूल तथा माला बिक्री हुन थालेको छ । सूर्यविनायक नगरपालिका–७ गुण्डुका स्वर्गीय पहलमान नगरकोटीले करिब ४० वर्ष अगाडि मखमली फूलको व्यावसायिक खेती शुरु गरेको बताउँछन् गुण्डुका वडाध्यक्ष रवीन्द्र सापकोटा । उनले शुरु गरेको फूलखेती अहिले व्यावसायिक फूलखेती गर्ने नमूना वडाको पहिचान बन्दै फूलको राजधानीको रुपमा परिचित भएको सापकोटा बताउँछन्।

स्वर्गीय नगरकोटीकी पत्नी देवकुमारी नगरकोटी गुण्डुमा पहिलोपटक आफ्ना श्रीमान्ले ४० वर्ष अगाडि असनका व्यवसायीका सल्लाहमा मखमलीको खेती शुरु गरेको बताउँछिन् । अहिले पुस्तान्तरण हुँदै उनकी छोरी उर्मिला नगरकोटी र तीन छोरा मदनकृष्ण, कविराज पनि सयपत्री, मखमली मात्रै नभई विभिन्न जातका फूलखेती गर्नमा व्यस्त छन्।

गुण्डुमा फूलखेती भित्र्याउने नगरकाटीले ४० वर्ष अगाडि भक्तपुरदेखि काठमाडौँका पशुपति, चावहिल, असन, इन्द्रचोकलगायतका बजारमा फूल बिक्री गर्न लैजाँदा त्यहाँका व्यापारीले आफ्नो बजारमा प्रतिस्पर्धा गर्न आएको भन्दै लखेट्ने गरेको तीतो अनुभव सुनाएको उनका छोरा कविराज बताउँछन् । त्यतिबेला बजारमा अरु व्यापारीसँग लुकेरै भए पनि एउटा माला एक सुकामा बिक्री गरेको रकमले १० जनाको परिवारको खर्च टार्नुपर्ने बाध्यता रहेको थियो । अहिले त्यही व्यवसाय परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ भने छोराहरूले फूलसँगै असनमै अन्य व्यवसाय पनि गर्दै आएका छन्।

गाउँका अरुका माला पनि बजार पुर्याउने स्व.नगरकोटीले स्थानीयलाई फूलको बेर्ना राख्ने, स्याहार्ने, फूल टिप्नेदेखि खेती गर्न सिकाएको स्मरण गर्दै उनकी छोरी उर्मिलाले आफ्नो घरबाट शुरु भएको खेती अहिले गुण्डुमा मुख्य व्यावसायिक खेतीको रुपमा विकास भएको देख्दा खुसी लागेको बताउँछिन् । यहाँ महिलाले आफ्नै पेवा आम्दानीको रुपमा समेत फूल खेती गर्दा उनीहरूको राम्रो आम्दानीको स्रोत समेत बनेको छ।

वडास्तरीय अपाङ्ग समन्वय समितिकी अध्यक्षसमेत रहेकी उर्मिला यतिखेर यहाँका महिलालाई खर्चका लागि छोरा वा श्रीमानको आशामा गर्नुपर्ने अबस्था नरहेको, चाँडबाडलगायत घरखर्चमा पनि टेवा पुगेको बताउँछन् । घरखर्चका लागि ऋण समेत नपत्याउनेहरू फूलखेतीबाटै बुबाले तीन–चार लाख रुपैयाँसम्म कमाउन थालेपछि जीवनस्तरमा उल्लेख्य सुधार आएको उनी बताउँछन् । फागुनमा बेर्ना राखि चैत्रमा रोपेको मखमली असारदेखि निरन्तर चार महिनासम्म टिपेर मखमलीको माला गाँसी वार्षिक लाखौँ आम्दानी गर्न थालेका छन्।

मूल्यमा एकरुपता आवश्यक

स्थानीय पुष्प व्यवसायी एवम् राष्ट्रिय कृषक समूह महासङ्घकी केन्द्रीय उपाध्यक्ष अनिता बस्नेतले यसवर्ष आफूले लगाएको फूलखेतीबाट तीन लाखको फूल बिक्री गरेको बताउँछिन् । आधा रोपनी जग्गामा मखमली र अढाई रोपनी जग्गामा सयपत्री फूलको खेती गरेको बताउँदै उनी भन्छिन्, 'स्थानीय महिलाहरूले उत्पादन गरेका फूललाई बजारीकरणको प्रबन्ध मिलाइएको छ । एक रोपनी जग्गामा लगाएको फूलखेतीबाट डेढदेखि दुई लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ ।' असार महिनादेखि नै मखमली र सयपत्री फूल बिक्री गर्न थालेको उनको भनाइ छ।

असारदेखि मङ्सिरसम्म उत्पादन दिने मखमली फूल असार साउनदेखि टिपेर माला उनेर सुरक्षित राख्ने र तिहार अगाडिसम्म टिपेर उनेका मखमली फूलको माला तिहारका लागि स्वदेश र विदेशमा बिक्री गर्ने गरेको बताउँछन् । सयपत्री फूल पनि असार–साउनदेखि फुल्ने गर्छ । सयपत्री फूललाई स्थानीयले मुठा बनाएर बिक्री गर्ने गरेका छन् । चार–पाँचवटा सयपत्री फूलको मुठा पारेर एक मुठाको १५ देखि २० रुपैयाँसम्ममा बिक्री हुने गरेको बस्नेत बताउँछिन्।

सयपत्री फूललाई अचेल किलो, पाथी तथा ढ्वाङमा भरेर पनि बिक्री गरिन्छ । किसानले ढ्वाङ्को करिब ७ सय रुपैयाँसम्म र किलोको २ सय ५० रुपैयाँसम्म लिने गरेका छन् । स्थानीयभन्दा उन्नत जातका सयपत्री फूलको बढी समय टिक्ने भएकाले व्यापारीले बढी मूल्य तिर्ने गर्छन् । गतवर्ष घरबाटै २० देखि २५ रुपैयाँमा बिक्री गरेको माला यसवर्ष पनि सोही मूल्यमा बिक्री भएको छ।

स्थानीय पुष्प व्यवसायी बस्नेतका अनुसार गुण्डुका झण्डै ७५ प्रतिशत स्थानीयवासीले ७०० रोपनीमा मखमली र ३०० रोपनीमा सयपत्री फूलको खेती गरेका छन् । उनी पछिल्लो समय मखमली फूलको मालाले उचित मूल्य नपाउँदा किसान मारमा परेको बताउँछन् । किसानले भन्दा बिचौलियाले बढी मूल्य लिने गरेको बताउँदै उनले भने, 'मखमली फूलको माला किन्न व्यापारी घरघर आउँछन् । किसानसँग एउटा मालाको मुस्किलले २१ देखि २५ रुपैयाँसम्ममा लैजान्छन् तर बजारमा ७० रुपैयाँ भन्दा बढी मूल्यमा बिक्री गर्छन् । मालाको मूल्य निर्धारण नहुँदा किसान मारमा परेका छन् ।' राज्यले मखमली फूलको मालामा एकरुपता ल्याउन लम्बाई र गुणस्तर हेरेर मूल्य निर्धारण गर्नुपर्ने बताउँदै उनी व्यवसाय गर्ने महिलाहरूका लागि सरकारले गुण्डुलाई फूलखेतीको पकेट क्षेत्र घोषणा गर्दै आर्थिक अनुदान र तालिम एवम् प्रविधि हस्तान्तरण गर्नुपर्नेमा जोड दिए्न्।

किसानलाई नगरपालिकाको अनुदान

सूर्यविनायक नगरपालिकाले पुष्पखेतीको पकेट क्षेत्रको रुपमा यस क्षेत्रलाई विकास गर्दै स्थानीय किसानका लागि २०७५ सालदेखि सयपत्री फूलका बेर्ना अनुदान वितरण गर्दै आएको वडाध्यक्ष रवीन्द्र सापकोटा बताउँछन् । नगरपालिकाले साना किसान कृषि सहकारी संस्थामार्फत सयपत्री फूलको बेर्ना उत्पादन गरी १२ रुपैयाँ पर्ने बिरुवालाई आठ रुपैयाँ अनुदान दिई वितरण गर्दै आएको उनको भनाइ छ । सापकोटाका अनुसार यस वर्ष स्थानीय ५५० किसान परिवारलाई १२ लाख रुपैयाँ बराबरको ७५ हजार सयपत्री बेर्ना वितरण, तालिम तथा प्राविधिक सहयोग गरिएको छ।

उनले भने, 'यहाँका महिला किसान फूलखेतीमा आकर्षित छन्, आम्दानीको राम्रो स्रोत र गुण्डुको पहिचान फूलखेतीमा बनेको छ, घरघरमा असारदखि नै मखमली फूलको माला झुत्तो बनाएर राखी तिहारमा बिक्री गरेका छन् ।' गुण्डुबाट प्रत्येक वर्ष करिब दुई करोडभन्दा बढी फूल र माला बिक्री हुने गरेको बताउँदै उन भन्छन्, 'फूलको व्यापारमा बिचौलिया हावी भएकाले पुष्प किसान एवम् व्यवसायीलाई सिधै बजार पु¥याउन सके अझै आम्दानी बढ्ने छ ।' फूललाई रोगबाट जोगाउन सके राम्रो आम्दानी गर्न सकिन्छ । फूल खेतीबाट धान तथा मकैभन्दा चौबर बढी आम्दानी हुने भएकाले कतिपय किसानहरूले फूलको टनेल खेती समेत गरेर १२ महिना नै सयपत्री फूल उत्पादन गर्न थालेका छन्।

अन्तरराष्ट्रिय बजारमा भक्तपुरका फूलमाला

अन्तरराष्ट्रिय बजारमा गुण्डुका फूलमाला पुग्ने गरेका छन् । सयपत्रीभन्दा मखमली फूल र माला अन्तरराष्ट्रिय बजारमा पुग्ने गरेको व्यवसायी अनिता बस्नेत बताउँछिन् । नेपालमा भारतीय फूलले बजार ओगटिरहेको बेलामा यहाँका फूल भने अमेरिकादेखि अष्ट्रेलियासम्म पुग्ने गरेका छन् । राष्ट्रिय कृषक समूह महासङ्घ नेपालकी केन्द्रीय उपाध्यक्षसमेत रहेकी बस्नेतले आफ्नो बारीमा फुलेका फूललाई अमेरिकादेखि अष्ट्रेलियासम्म पु¥याउन पाउँदा खुसी लागेको बताउँछन्।

उनले भनिन्, 'विगत केही वर्षदेखि अन्तरराष्ट्रिय बजारका व्यापारीमार्फत यहाँका फूल तथा माला पु¥याउने गरेको छु । मेरो उत्पादनले मात्रै नपुग्दा अरु किसानका उत्पादन पनि खरिद गरेर विदेशका लागि व्यापारीलाई फूल तथा माला पठाउँछु ।' यस वर्ष पनि अष्ट्रेलिया, अमेरिका, क्यानडा, जापान, दुबईलगायतका देशमा मखमली फूलका माला पठाइएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# स्वास्थ्य क्षेत्रको सुधारमा जुट्यो मन्त्रालय

**गण्डकी ।**
गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालय स्वास्थ्य क्षेत्र सुधारमा जुटेको छ । सुधारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएको मन्त्रालय चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा जुटेको हो । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट तथा कार्यसञ्चालन निर्देशिका र मापदण्ड तयार गरी सम्बन्धित निकाय तथा कार्यालयमा पठाइसकिएको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिए ।

बुधबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा उनले मन्त्रालय र मातहतका निकायहरूले तदारुकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने बताए । 'कार्यक्रम कार्यान्वयनमा कहीँकतै ढिलासुस्ती भएमा मन्त्रालय, मेरो सचिवालय वा म स्वयंलाई सम्पर्क गर्न अनुरोध गर्दछु,' मन्त्री पाठकले भने, 'बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्नेछ ।'

मन्त्री पाठकले प्रदेशको स्वास्थ्य क्षेत्र सुधारमा सिङ्गो प्रदेश सरकार र मन्त्रालयको नेतृत्वले गत वर्षदेखि पहल थालेको बताए । उनले चालु आवमा स्वास्थ्यका ४३ वटा कार्यक्रम कार्यान्वयन हुने जानकारी दिए ।

तीमध्ये केही कार्यक्रम पहिलोपटक गण्डकी प्रदेशमा लागू हुन लागेका छन् ।मन्त्रालयले गत वर्ष प्रदेश मातहतका नौ अस्पताल स्तरोन्नति गरेको थियो । प्रदेश सरकारअन्तर्गतका कूल १४ अस्पतालको स्वीकृत शय्या संख्या तीन सयबाट बढाएर ७ सय ५० पुर्याइएको उनको भनाइ छ ।

'अस्पताल स्तरोन्नतिको निर्णयसँगै सम्बन्धित अस्पतालमा चिकित्सकको दरबन्दी थप, उपकरण, बजेट तथा कार्यक्रमको व्यवस्था गरी पठाइएको छ,' उनले भने, 'मन्त्रालय मातहतका निकाय र जिल्लास्तरका कार्यालयहरूको संरचनागत हेरफर गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा गइसकेको छ ।'

धवलागिरि, गोरखा र मध्यविन्दु प्रदेश अस्पतालमा आँखा उपचार शिविर एवम् मोतियाबिन्दुको निःशुल्क शल्यक्रियाका लागि बजेट विनियोजन गरिएको मन्त्रालयका निमित्तसचिव डा रमेशकुमार केसीले बताए । धवलागिरि आयुर्वेद अस्पताल, गण्डकी आयुर्वेद अस्पताल र प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा गुदारोगको निःशुल्क स्क्रिनिङ तथा उपचार सेवा सुरु गरिने उनको भनाइ छ ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च उपलब्ध गराइने भएको छ । मुस्ताङ र मनाङको उच्च हिमाली भेगमा उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

क्यान्सरका बिरामीको उपचारका लागि प्रदेश सरकारका तर्फबाट थप एक लाख रुपैयाँ उपलब्ध गराउनेगरी देशका विभिन्न छवटा अस्पतालसँग क्यान्सर उपचार सहायता कार्यक्रमको सम्झौता भइसकेको मन्त्रालयका निमित्तसचिव डा केसीले बताए । गर्भवती तथा नवशिशुहरूको ज्यान जोखिममा परेमा तत्काल निःशुल्क हवाई उद्धार गर्नेगरी मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकृत भई कार्यान्वयनमा गएको उनको भनाइ छ ।

मन्त्रालयले गण्डकी प्रदेशभित्रका सहिद, बेपत्ताका परिवार, द्वन्द्वपीडित, विभिन्न आन्दोलनका घाइते, अपाङ्गता भएका व्यक्तिहरू, मिर्गौलापीडित, यौनिक अल्पसङ्ख्यकको निःशुल्क स्वास्थ्य बीमा गरिएको जनाएको छ । यस वर्षदेखि प्रदेशभित्रका पत्रकारहरूको पनि निःशुल्क स्वास्थ्य बीमा प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ ।

सम्बन्धित अस्पतालबाटै प्रोत्साहन सुविधा पाउनेगरी मनाङ, मुस्ताङ, बागलुङको बुर्तिबाङ र गोरखाको आँपपिपल अस्पतालमा विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू गरिएको निमित्तसचिव डा केसीले बताए ।रासस

# त्रिपक्षीय संवादमा जोड



**काठमाडौँ ।**
फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गराउन सरकार, निर्वाचन आयोग र राजनीतिक दलबीच त्रिपक्षीय संवाद गर्नुपर्नेमा दलहरूले जोड दिएका छन् ।

आसन्न निर्वाचनका विषयमा बिहिवार आयोगले राजनीतिक दलहरूसँग गरेको छलफलमा सहभागीले सरकारले दलहरूसँग अन्तरसंवाद गर्नुपर्ने र निर्वाचनको पूर्ववातावरण तयार गर्नुपर्ने बताएका हुन् । छलफलमा सहभागी नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले जेनजी आन्दोलनको मर्मलाई आत्मसात् गर्दै प्रतिशोधी भावना हटाएर निर्वाचनको वातावरण बनाउनुपर्ने बताए । विशेष परिस्थितिमा बाटो बिराएको संविधानलाई सही बाटोमा ल्याउने एक आधार निर्वाचन हुनसक्ने भए पनि सरकारले हालसम्म सहज वातावरण सृजनाका लागि आफूहरूसँग समन्वय नगरेको गुनासो गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष गुरुप्रसाद बरालले राजनीतिक दलका नेतालाई स्थान हद तोक्ने, राहदानी रोक्का गर्ने र जुलुस, सभा गर्न नदिनेजस्ता सरकारका निर्णय निर्वाचनको वातावरणका लागि बाधक भएको धारणा राखे । उनले फरार कैदीलाई नियन्त्रणमा लिन र लुटिएका हतियार जफत गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न माग गरे ।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता देवप्रसाद गुरुङले जे–जसरी निर्वाचन घोषणा भए पनि आफूहरू निर्वाचनमा जान तयार भएको तर सरकारले दलहरूलाई विश्वासमा लिन नसकेको टिप्पणी गरे । उनले सरकारले राष्ट्रिय सुरक्षा दिन सकेमा मात्र निर्वाचन सफल हुने बताए ।

कतिपय साना दलका प्रतिनिधिले सरकार र आयोगले ठूला दललाई अनुकूल व्यवहार गर्दै आएको गुनासो गर्दै अबका दिनमा त्यस्तो नगर्न ध्यानाकर्षण गराए ।

आयोगले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनका कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गरेकासहित २९ दललाई छलफलमा बोलाएको थियो । छलफलमा प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता, आगामी माघ ११ मा प्रस्तावित राष्ट्रियसभाको १८ सदस्यको निर्वाचन, मतदाता नामावली, मतदातास्थल तथा मतदान केन्द्र र राजनीतिक दलसँग आयोगले राखेको अपेक्षाका विषयमा छलफल गरिएको थियो ।रासस

## राप्ती अस्पतालः

# नाम प्रादेशिक, सेवा थपिएन




**दाङ ।**
तुलसीपुरस्थित तत्कालीन राप्ती अञ्चल अस्पताललाई २०७५ साल पुसमा प्रादेशिक अस्पताल बनाइएको हो । तत्कालीन अञ्चल अस्पताललाई प्रदेशस्तरको अस्पताल बनाएपछि सेवा थप हुने अपेक्षा गरिए पनि त्यो हुन सकेको छैन । अहिले पनि ५० शय्याको अनुमतिमा अस्पताल सञ्चालन भइरहेको छ ।

अस्पतालले ५० शय्याको अनुमति पाए पनि हाल बिरामीको चापअनुसार एक सय ४१ शय्या सञ्चालनमा ल्याइएको छ । अस्पताल विकास समितिले निर्णय गरेर सोहीबराबरका शय्या थप गरी सेवा प्रदान गरिएको समितिका अध्यक्ष पदमप्रसाद न्यौपानेले बताए ।

'छ सय शय्याको अस्पतालको गुरुयोजना बन्यो । दुई सय शय्याको जनशक्ति पठाउने भनी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सर्भेको काम पनि अघि बढ्यो,' उनले भने, 'त्यसले कुनै पूर्णता पाउन सकेको छैन ।'

हाल दाङमात्र होइन, सल्यान, रुकुम, जाजरकोट, रोल्पालगायत जिल्लाबाट बिरामी उपचारका लागि यहाँ आउने गरेका अध्यक्ष न्यौपानेले जानकारी दिए । उनका अनुसार यसरी बाहिरी जिल्लाका बिरामी आउन थालेपछि २०७६ सालमा सङ्घीय सरकारले दुई सय शय्याको अस्पतालको पत्रसमेत दिएको हो ।

'सोहीअनुरुप एक शय्याबराबर पाँच लाख रुपैयाँ सम्म अनुदान दिने भन्ने पनि थियो । तर, अहिलेसम्म सोअनुसार कुनै अनुदान पनि आएको छैन,' अध्यक्ष न्यौपानेले भने, 'हाल अस्पतालबाट बिरामी रेफर गर्ने गरेको भनी गुनासो पनि बढ्ने गरेको छ । आकस्मिक उपचार कक्ष (आइसियू) सञ्चालन हुनसकेको छैन । जनशक्ति पनि अभाव हुँदा रेफर गर्नुपर्ने बाध्यता छ ।'

अस्पतालको छ बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको अध्यक्ष न्यौपानेले बताए । उक्त जग्गा फिर्ता ल्याउनका लागि पनि जिल्ला प्रशासन, स्थानीय सरकारलगायत सरोकार भएका सबैलाई पत्र पठाइएको जनाउँदै उनले त्यसको कुनै उपलब्धि नभएको गुनासो गरे ।

बिरामीको पनि घुइँचो बढ्न थालेको बताउँदै अध्यक्ष न्यौपानेले टिकट काउन्टर पाँच र बिल काउन्टर दुई सञ्चालनमा ल्याइएको जानकारी दिए ।

'अस्पालमा जडान गरिएको टोकन प्रणाली पनि प्रयोगमा छैन । जसले गर्दा भीडभाड हुने गरेको छ,' उनले भने ।

अस्पतालमा सीमित स्रोतसाधन र जनशक्ति हुँदा सेवा प्रवाहमा केही समस्या भएको कुरा सेवाग्राहीलाई बुझाउन नसक्दा अस्पतालप्रति गुनासो बढेको निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा पदमराज अधिकारीले बताए ।

'सेवा थप गर्नेभन्दा पनि भएका सेवा कसरी सञ्चालन गर्ने भन्ने चिन्ता हुन थालेको छ,' उनले भने, 'भएका सेवालाई गुण्स्तरीय र प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।'

अस्पताल प्रादेशिक भए पनि अहिले पनि तत्कालीन अञ्चलको अवस्थाको सेवा सुविधामात्र दिन सकिएको डा अधिकारीले उल्लेख गरे । अहिले डायलायसिस र एनआइसीयू सेवा भने विस्तार गरिएको उनले बताए । 'अस्पतालको कुनै कार्यक्रम थपिएको छैन,' उनले भने, 'तर हामीले आफ्नो दायित्वअन्तर्गत डायलायसिस र एनआइसीयू सेवा विस्तार गरेका छौँ ।'

हाल अस्पतालबाट पाँचदेखि सात प्रतिशत मात्रै बिरामीलाई रेफर गर्ने गरिएको डा अधिकारीले जानकारी दिए । दुर्घटनासम्बन्धी घटना र केही बिरामीको माग अनुसार रेफर गर्ने गरिएको उनको भनाइ छ ।

चिकित्सकहरू आफ्नो कार्यसमयमा नबस्ने गरेको गुनासो आइरहेको भन्दै यसमा चिकित्सक स्वयम् गम्भीर बन्नुपर्नेमा उनले जोड दिए । साथै उनले अस्पतालका 'सटर'हको बोलपत्र प्रक्रिया अघि बढाइएको जनाउँदै डा अधिकारीले भवन डिभिजन कार्यालयबाट पनि प्रतिवेदन आइसकेको बताए ।

चिकित्सकहरू नियमित ड्युटमा नबस्दा बढी गुनासो आउने गरेको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । 'चिकित्सक अस्पतालमा नभेटिने, बिरामीको रिपोर्ट नहेर्ने, हेरे पनि दुई–तीन घण्टा लगाइदिने गुनासोले आक्रोश बढेको छ, यो समस्या सुधार नभएसम्म यस्ता गुनासा आइरहन्छन्,' उनले भने । चिकित्कसहरू दिउँसो १ नबज्दै निजी अस्पतालमा जाने गर्नाले सेवाग्राहीमा वितृष्ण बढ्ने गरेको उनको भनाइ छ ।

अस्पतालको स्तरवृद्धि गर्नतर्फ आफू सक्रिय रहेको भए पनि सोअनुसार कार्यान्वयन हुन नसक्दा सेवा प्रवाहमा केही समस्या आइरहेको उपमहानगरप्रमुख खड्काले बताए । 'अस्पतालले सामग्री खरिद गर्ने तर प्रयोगमा नल्याउने गर्नाले पनि सेवा प्रवाहमा समस्या हुने गरेको छ,' उनले भने ।रासस

# सेनाद्वारा सञ्चारकर्मीका लागि अभिमुखीकरण



**सुनसरी ।**
नेपाली सेनाको पूर्वी पृतनाले सञ्चारकर्मीका लागि आयोजना गरेको चारदिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम बिहीबार भएको छ । असोज २७ गतेदेखि पूर्वी पृतना मुख्यलय इटहरीमा सुरु भएको अभिमुखीकरण तालिममा कोशी प्रदेशअन्तर्गत १४ जिल्लाका २३ जना सञ्चारकर्मीको सहभागिता थियो ।

तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पृतनापति उपरथी गौरवकुमार केसीले नेपाली सेनाले खेलकुद, शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, उद्धार तथा पुनःस्थापनासम्मका विविध क्षेत्रमा उल्लेखनीय योगदान गरेको बताए ।

उनले भने, 'सेनाले केवल राष्ट्रिय सुरक्षा र सीमाको रक्षामात्र होइन, राष्ट्रिय एकता, शान्ति स्थापना, आपसी सद्भाव र सहअस्तित्व प्रवर्द्धनमा पनि अग्रणी भूमिका निर्वाह गर्दै आएको छ ।'

उपरथी केसीले अभिमुखी कार्यक्रमबाट नेपाली सेनाको सङ्ठनात्मक स्वरूप, जिम्मेवारी र राष्ट्रिय भूमिकाबारे थप ज्ञान र सन्तुलित दृष्टिकोण विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

चारदिने अभिमुखीकरण तालिममा सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयको भूमिका, सेनाको तैनाथी तथा शान्ति स्थापना कार्य, विकास, निर्माणमा योगदान, अभिलेखीकरण प्रणालीको प्रयोग, प्रभावकारिता र चुनौती, विपद् प्रतिकार्य, जैविक विविधता, वातावरणीय सन्तुलन, स्थानीय समुदायसँगको सहकार्यलगायतका क्षेत्रमा नेपाली सेनाले पुर्याउँदै आएको भूमिकाका विषयमा जानकारी गराइएको थियो ।

सो अवसरमा नेपाली सेनाका विभिन्न कार्यक्रम तथा गतिविधिलगायतका विषयलाई प्रचारप्रसार गर्न सहयोग पुर्याएको भन्दै १३ वटा सामुदायिक रेडियो स्टेसनहरूलाई सम्मान गरिएको थियो ।रासस

# सरकारले निर्वाचनको वातावरण बनाउनुपर्छ

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सरकारले घोषित निर्वाचनमा सबै नेपाली सहभागी हुने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् ।

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा बिहीबार उनले कांग्रेस जनताको घरदैलोमा पुग्ने यस अवसरलाई उत्साहपूर्वक अग्रिम पंक्तिमा उभिएर अघि बढ्नुपर्ने उल्लेख गरे ।

कोइरालाले भने, 'सात दशकको प्रयत्नपछि निर्माण भएको वर्तमान संविधान यतिखेर अर्धमूर्च्छित अवस्थामा छ । यो संविधानको रक्षार्थ हामी कहाँ उभिन्छौँ, भावी राजनीतिक दिशा त्यसैले तय गर्नेछ ।'

राजनीतिक दल, जेनजी पुस्तालगायत सबैले वर्तमान सरकारलाई निर्वाचनको म्यान्डेट दिएको उनको भनाइ थियो । उनले निर्वाचनको वातावरण बनाउन गत भदौ २३ र २४ गते जेनजी आन्दोलनको क्रममा लुटिएका हतियारहरु सरकारको नियन्त्रणमा आउनुपर्ने बताए । नेता डा कोइरालाले त्यसक्रममा जेलवाट भागेका अपराधीहरुलाई पुनः सरकारले युद्धस्तरमा खोजेर नियन्त्रणमा लिई कानुनको कठघरामा ल्याउन ढिला गर्न नहुने बताए ।

कांग्रेसलाई नयाँ दिशा र नयाँ संभावनाको पार्टी' बनाउन आगामी मंसिर महिनामा पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने उल्लेख गर्दै उनले नियमित महाधिवेशनवाट मात्र सबैको सम्बोधन र नेतृत्वमा समेत ताजापन सम्भव हुने उनको भनाइ थियो ।

एकताबद्ध कांग्रेस, बलियो कांग्रेस र समयसापेक्ष परिवर्तन कांग्रेस आजको आवश्यकता भएको बताउँदै नेता डा कोइरालाले २०७९ सालमा कांग्रेस र अन्य दलहरुसँग भएको गठबन्धनका उम्मेदवारलाई सहयोग नगरेको भन्ने उजुरीका आधारमा या विद्रोही उम्मेदवार उठेको कारण कारबाहीको सिफारिसमा परेको सबैका कारबाही फिर्ता गर्न माग गरे ।रासस

# नर्सहरुको समस्यासमाधान गर्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले आन्दोलनरत नर्सहरुको समस्या तत्काल समाधान गर्न निर्देशन दिएका छन् ।

प्रधानमन्त्री कार्कीले बिहीबार स्वास्थ्य सचिव डा विकास देवकोटालाई बोलाएर तत्काल आन्दोलनरत नर्सहरुको समस्या समाधान गर्न निर्देशन दिएका हुन । स्वास्थ्य मन्त्रीको समेत जिम्मेवारीमा रहेका उनले आन्दोलनको विषय बुझेर तत्काल सम्बोधन हुने गरी कदम चाल्न र प्रगतिबारे जानकारी गराउन निर्देशन दिए ।

देशमा रहेका दक्ष जनशक्तिलाई अत्यन्तै न्यून पारिश्रमिक दिएर राखिनु उचित नभएकाले उनीहरुको समस्या समाधान नभए ठूलो जनशक्ति विदेश पलायन हुने जोखिम बढ्ने प्रधानमन्त्री कार्कीले बताए । स्वास्थ्य मन्त्रालयको निर्णय बमोजिम पाँचौँ तह बराबरको पारिश्रमिक पाउनु पर्ने माग राख्दै कास्कीको मणिपाल र गण्डकी मेडिकल कलेजका नर्सहरु आन्दोलनमा छन् । मन्त्रालयले गत मङ्सिरमा सबै स्वास्थ्य संस्थामा कार्यरत नर्सहरुको पारिश्रमिक ३४ हजार ७ सय ३० रुपैयाँ हुनुपर्ने निर्णय गरेको थियो । रासस

# चितवनमा फूल आयात रोक्न माग



**चितवन ।**
जिल्लामा फूल आयात रोक्न फ्लोरिकल्चर एसोसिएसन नेपाल चितवन शाखाले माग गरेको छ । शाखाले प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई बिहिवार ज्ञापनपत्र बुझाउँदै जिल्लामा तिहारका लागि आवश्यक फूल तयार रहेकाले आयातित फूल र माला रोक्न माग गरेको हो ।

एसोसिएसनका सचिव सुलभ श्रेष्ठले जिल्लामा आयातित फूल मालासहित प्लास्टिकजन्य मालामा रोक लगाउन माग गरे । उनका अनुसार जिल्लामा तिहारका लागि ४० बिघा क्षेत्रफलमा फूल उत्पादन तयार छ । उनले भने, 'जिल्लामा तीन लाख माला आवश्यक पर्छ । त्यो पूर्ति यहीँको फूलले हुने भएकाले आयातित फूल र माला रोकियोस् ।'

ज्ञापनपत्रमा भनिएको छ, 'बजार अनुगमन गरी स्वादेशी उत्पादनलाई प्राथमिकता दिन हामी माग गर्छौँ ।' एसोसिएसनले प्रत्येक मालाको एक सय रुपैयाँ मूल्य कायम गरेको छ ।

सो क्रममा एसोसिएसनका अध्यक्ष तेजेन्द्रप्रसाद सापकोटाले आयातित मालामा सुतरीको धागो प्रयोग गरिने र फूलहरू क्वारेन्टाइन पास नगरी आउने बताए ।

प्रमुख जिल्ला अधिकारी अर्यालले आयातित फूलमाला रोक्न व्यावसायीको सक्रियता आवश्यक रहेको बताए । आयातित फूल र माला रोक्न र प्रतिबन्धित वस्तु बिक्रीवितरण गरेमा कारबाही गर्न स्थानीय प्रशासन तयार रहेको उनको भनाइ छ ।रासस


# मालपोत कार्यालय कास्कीद्वारा सेवा शुरु

**गण्डकी।**
जेन्जी प्रदर्शनका क्रममा आगजनी एवम् तोडफोडबाट क्षतिग्रस्त मालपोत कार्यालय कास्कीले बिहिवारदेखि सेवा शुरु गरेको छ।

कार्यालयले अत्यावश्यकीय सेवाका साथै नियमित सेवा शुरु गरेको मालपोत अधिकृत शोभाखर पोख्रेलले जानकारी दिए । कार्यालय क्षतिग्रस्त भएपछि यहाँस्थित सेवाग्राहीलाई प्रतिक्षालयबाट सेवा दिन शुरु गरिएको जानकारी दिँदै उनले अत्यावश्यक सेवा भनिए पनि सेवाग्राहीलाई सकेसम्म सबै सेवा उपलब्ध गराइने उद्देश्य राखिएको बताए।

कार्यालयमा रहेका झण्डै ८० प्रतिशत कागजात पूर्ण रूपमा नष्ट भएकाले समस्या भएको उनको भनाइ छ। आन्दोलनका क्रममा कार्यालयमा रहेकामध्ये पोखरा महानगरपालिका–११, १२, १३ सहित मौजा, हेम्जाका कागजात जोगिए पनि अन्य सबैजसो वडाका कागजातहरू डढेको उनले जानकारी दिए।रासस

# सामूहिक सयपत्री फूलखेतीमा महिला



**तनहुँ।**
यहाँको म्याग्दे गाउँपालिकाका महिलाहरू सयपत्री फूलखेतीमा लागेका छन्। गाउँपालिकाले ७५ प्रतिशत अनुदान प्रोत्साहन गरेपछि म्याग्दे गाउँपालिका–४ का महिलाहरू फूलखेतीमा आकर्षित भएका हुन्।

यहाँका महिलाहरू छिम्केश्वारास्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक समूहमा आबद्ध भएर सामूहिक फूलखेतीमा लागेका हुन्। तरकारी तथा अन्य फलफूलखेती गरिरहेका महिलाहरू पहिलो पटक सयपत्री फूलखेतीमा लागेको समूहका अध्यक्ष जितमाया रानाले जानकारी दिए।

अध्यक्ष रानाले भने, 'पहिला पहिला अरुले सामूहिक खेती गरिरहेको बारे फेसबुकमा हेर्थ्यौं। हामीलाई पनि सयपत्री फूलखेती गर्ने इच्छा थियो। गाउँपालिकामा यसबारेमा जानकारी लियौँ, पालिकाका कृषि प्राविधिकबाट सल्लाह पाएपछि पहिलो पटक यसतर्फ लागेका हौँ।'

समूहमा रहेका २३ जना महिलाहरूले छ रोपनी जग्गा भाडामा लिएर फूलखेती गरिरहेका छन् । यस वर्षको तिहारका लागि फूल उत्पादन भइसकेको अध्यक्ष रानाले बताए । उनका अनुसार सयपत्री फूल प्रतिकिलो तीन सय रुपैयाँ र प्रतिमाला एक सय ५० रुपैयाँ मा बिक्री हुने गरेको छ। घरायसीमा काममा व्यस्त रहने महिलाहरूलाई फूलखेतीमा लागेपछि आत्मनिर्भर बन्न थालेका छन्।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले पालिकाले विगत तीन वर्षदेखि ७५ प्रतिशत अनुदान सहयोगमा सयपत्री फूलखेती प्रोत्साहन गरिरहेको बताए। गत वर्ष वडा नं ६ र यस वर्ष वडा नं ४ का महिलाहरूलाई सहयोग गरिएको उनले बताए । 'स्थानीय महिलालाई उद्यमशील बनाउनका लागि पालिकाले सहयोग गरिरहेको छ। उहाँहरुले उत्पादन गरेका फूल गाउँपालिकाले गर्ने कार्यक्रममा प्रयोग गर्ने र तिहारलगायत चाडमा बाहिरको भन्दा स्थानीयस्तरमै उत्पादित फूललाई प्रयोग गर्न सहजीकरण गर्ने हाम्रो नीति छ', अध्यक्ष श्रेष्ठले भने । रासस

# बजारलाई थप व्यवस्थित बनाउन अनुगमन



काठमाडौँ।
चाडपर्व नजिकएसँगै काठमाडौँ महानगरपालिकाले बजार अनुगमनलाई तीव्र बनाएको छ। कामपा र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजार अनुगमन थालेको हो । नयाँबानेश्वर क्षेत्रमा रहेका साना होटल तथा रेष्टुराँ व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको कामपाले जनाएको छ।

काठमाडौँ महानगरपालिका कृषि तथा पशुपन्छी विभागका विभागीय प्रमुख नुरनिधि न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमानुसार आउन निर्देशन दिइएको जनाउँदै अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने बताए। उनका अनुसार सानो लापरवाहीबाट विभिन्न रोगको सङ्क्रमण फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीको कर्तव्य हो।

प्रमुख न्यौपानेले भने, 'महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौँ, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैका लागि फाइदा हुन्छ।'

कामपा खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले सशक्तीकरण, अनुगमन र नियमनलाई अहिले प्राथमिकता दिएको छ। उनले भने, 'हामी बजार कस्तो र कुन अवस्था छ भनेर बुझ्दैछौँ । व्यवसायीहरू खाद्य स्वच्छता र गुणस्तरीयतामा कत्तिको सचेत हुनुहुन्छ भनेर मूल्याङ्कन गर्दैछौँ । राम्रो गर्नेलाई हौसला दिन्छौँ, कमजोरी देखिए सम्झाउँछौँ, सचेत गराउँछौँ; त्यति गर्दा पनि अटेर गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ।'

महानगरले मापदण्डविपरीत सञ्चालन भएका व्यवसायलाई खाद्य अनुज्ञापत्रमा तोकिएका वस्तु मात्र प्रयोग गर्न, सरसफाइमा विशेष ध्यान दिन, मास्क–एप्रोन–पञ्जाजस्ता खाद्य स्वच्छता मानक पालना गर्न, फोहर व्यवस्थापनमा डस्टबिनको प्रयोग गर्न, व्यवसाय दर्ता समयमा नवीकरण गर्न र मापदण्डअनुसार व्यवसाय सञ्चालनमा ल्याउन निर्देशन दिइएको छ। साथै यथाशीघ्र स्पष्टीकरणसहित महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ।

महानगरका अनुसार अनुगमनको उद्देश्य व्यवसायीलाई डर देखाउने नभई व्यवसायीलाई स्वच्छ, जिम्मेवार र कानुनअनुसार व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने हो । यति गर्दा पनि लापरवाही गरेमा कानुनअनुसार कारबाही हुने महानगरले जनाएको छ । व्यसायीको सानो गल्तीले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पर्नसक्ने भएकाले व्यवसायीले थप जिम्मेवार भएर कानुनअनुसार सेवालाई प्रभावकारी रूपमा प्रदान गर्नुपर्नेमा कामपाले जोड दिएको छ।रासस

# महाभियोग लगाइएका राष्ट्रपतिद्वारा पलायनको पुष्टि

**मडागास्कर।**
हप्तौँदेखि चलिरहेको विरोध प्रदर्शन र सैन्य हस्तक्षेपले देशलाई सङ्कटमा पारेपछि मडागास्करका पदच्युत राष्ट्रपति एन्ड्री राजोलिनाले पहिलोपटक आफू देशबाट पलायन गरेको पुष्टि गरेका छन।

राष्ट्रपति राजोलिनाले अक्टोबर ११ र १२ तारिखको बीचमा 'राज्य प्रमुखको जीवन विरुद्ध स्पष्ट र अत्यन्त गम्भीर धम्कीहरू' आएको भन्दै त्यसपछि देश छोड्न बाध्य भएको बताए।

उनले बुधबार राति जारी गर्नुभएको विज्ञप्तिमा भने, 'म विदेशी यात्रामा रहेका बेला ती धम्कीहरू प्राप्त भएका थिए।'

एएफपीलाई पठाइएको उक्त विज्ञप्तिअनुसार राजोलिनाको भ्रमणलाई नियमित सरकारी भ्रमणका रूपमा देखाइए पनि ती धम्कीहरूका कारण उनले तत्काल देश त्याग गरेका हुन।

मिडिया रिपोर्टहरूले ५१ वर्षीया नेतालाई आइतबार फ्रान्सेली सैन्य विमानमार्फत बाहिर निकास गरिएको सङ्केत गरेका थिए।

राजोलिनाले सोमबार दिएको एक संक्षिप्त प्रतिक्रियामा आफू 'सुरक्षित स्थानमा' रहेको उल्लेख गरेका थिए तर गन्तव्य खुलाउन अस्वीकार गरेका थिए।

सन् २००९ मा सैन्य समर्थनसहितको आन्दोलनपछि पहिलोपटक सत्तामा पुगेका राजोलिनाले हालै राष्ट्रिय सभाले सेनासँग मिलेर आफूलाई असंवैधानिक रूपमा हटाएको आरोप लगाएका छन।

यता सत्ता नियन्त्रणमा लिएका सैन्य अधिकारीहरूले कर्नेल माइकल रान्ड्रियानिरिनालाई नयाँ राष्ट्रपतिका रूपमा चयन गरिएको जनाएका छन् । उनले शुक्रबार औपचारिक रूपमा शपथ लिने बताइएको छ। पानी र विद्युत् अभावका कारण गत सेप्टेम्बर २५ देखि शुरु भएको जनआन्दोलनले रान्ड्रियानिरिनाको हस्तक्षेपलाई 'जनताको जीत' भन्दै स्वागत गरेको छ। उक्त आन्दोलनलाई युवा नेतृत्वको 'जेन जेड' आन्दोलनका रूपमा चिनिन्छ।

अन्तर्राष्ट्रिय समुदायले भने यस घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घले यसलाई 'असंवैधानिक सत्ता कब्जा' भन्दै कडा निन्दा गरेको छ भने अफ्रिकी युनियनले बुधबारदेखि तत्काल प्रभावबाट मडागास्करको सदस्यता निलम्बन गर्ने घोषणा गरेको छ।

माली, बुर्किना फासो, नाइजर, ग्याबोन र गिनीमा पछिल्ला वर्षहरूमा भएका सैनिक कूपछि सन् २०२० यता सैन्य शासनको चपेटामा परेका अफ्रिकाका पूर्व फ्रान्सेली उपनिवेशहरूमध्ये मडागास्कर अहिले पछिल्लो सदस्य बनेको छ।एजेन्सी

# पाँच वर्षमा पनि बनेन दूधकोशीको चुहार पक्की पुल

भोजपुर।
भोजपुर र उदयपुरलाई जोड्ने दूधकोशी नदीमाथि निर्माणाधीन चुहार पक्की पुल पाँच वर्ष बितिसक्दा पनि अपूरो छ। दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७७ निर्माण शुरु गरिएको उक्त पुल हालसम्म पनि रोकिएको छ।

कोशी प्रदेश सरकारले २१ करोड २३ लाख १२ हजार रुपैयाँ लागतमा कालिका–प्यासेफिक जेभीलाई पुल निर्माणको जिम्मा दिएको थियो। शुरुमा दुवैतर्फ पिलर निर्माण शुरु भए पनि कामले निरन्तरता नपाएर अधुरै छाडिएको हो।

लामो समयदेखि अलपत्र बनेको पुल निर्माणमा ढिलाइ भएपछि भोजपुरका तीन स्थानीय तह रामप्रसादराई, हतुवागढी र आमचोक गाउँपालिकाले संयुक्त बैठक बसेर प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेका छन्।



रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले पुल निर्माणमा भइरहेको ढिलाइले तीनवटै पालिकाका बासिन्दा प्रत्यक्ष प्रभावित भएका बताए । 'प्रदेश सरकारले दुई वर्षमा बनाउने भनिएको पुल पाँच वर्षसम्म पनि बनेको छैन', उनले भने, 'हामी संयुक्त पहलमार्फत प्रदेश सरकारलाई काम अघि बढाउन दबाब दिनेछौँ। काममा ढिलाइ हुँदा नागरिकलाई प्रत्यक्ष असर पुगेको छ।'

संयुक्त बैठकमा हतुवागढी गाउँपालिकाका अध्यक्ष प्रेमकुमार राई, आमचोक गाउँपालिका उपाध्यक्ष अशोक राईसहित तीनवटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत र सरोकार भएका निकायका प्रतिनिधि सहभागी थिए।

दक्षिणी क्षेत्र हुँदै तराईका जिल्लासँग जोडिने प्रमुख मार्गका रूपमा रहेको चुहार पुल निर्माण रोकिएपछि स्थानीयवासी वर्षौँदेखि जोखिमपूर्ण रूपमा दूधकोशी पार गर्दै आवतजावत गर्न बाध्य छन्।

विसं २०७७ असोज २७ गते शिलान्यास गरिएको यो पुलले भोजपुरको हतुवागढी–९ हसनपुर र उदयपुरको वेलका नगरपालिका–७ मैनामैनीलाई जोड्छ । पुलको लम्बाइ ९० मिटर र चौडाइ फुटपाथसहित साढे १० मिटर रहनेछ।

स्थानीयवासीका अनुसार पुल बनेपछि यो क्षेत्रको आवागमन, व्यापार तथा सामाजिक सम्पर्कमा सहजता आउनेछ । निर्माणकार्य लामो समयदेखि ठप्प हुँदा स्थानीय निरास भएका छन्।रासस

# सञ्चार सुविधा नहुँदा पर्यटकलाई सास्ती



**म्याग्दी।**
अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने 'मौरिस हर्जोग' पदमार्गमा सञ्चार सुविधाको अभाव भएको छ।
हिमाल आरोहणको इतिहासमा जेठो हिमालको नामले चिनिने अन्नपूर्ण प्रथम आधार शिविर जाने पदमार्गमा होटल सुविधा र पदमार्गको व्यवस्थापनले पर्यटकको आगमन बढे पनि सञ्चारको पहुँच नहुँदा पर्यटकले सास्ती पाएका छन्।

असोजको सुरुआतदेखि दैनिक १५० देखि ३०० जनासम्म पर्यटक आधार शिविर क्षेत्रको भ्रमणमा पुगेका छन् । सञ्चारको पहुँच नहुँदा पदमार्ग र आधार शिविर क्षेत्रमा सञ्चालनमा रहेका होटलसँग सम्पर्क नगरिकनै पुग्नुपर्ने बाध्यताले पर्यटकको बसोबासमा समस्या भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता समेत रहेका पर्यटन व्यवसायी तेज गुरुङले बताए।
उनका अनुसार, यस पदमार्गको हुमखोलासम्म विद्युत् र मोबाइल फोनको पहुँच पुगेको छ।
'हुमखोलादेखि आधार शिविरसम्मको क्षेत्रमा मोबाइल फोनको सञ्चार र विद्युत् पहुँच पुग्न सकेको छैन, साँधीखर्कको गुराँसेडाँडामा नेपाल टेलिकमको मोबाइल फोनको सामान्य पहुँच छ, आधार शिविर पुगेर फर्कने करिब दुईदिनको यात्राअवधिमा सञ्चार सम्पर्कविच्छेद हुने भएकाले पर्यटकको सुविधा र सुरक्षाका लागि सञ्चारको पहुँच अनिवार्य बनेको छ', पर्यटन व्यवसायी गुरुङले भने।
विसं २०६८ देखि स्थानीयवासीको अग्रसरतामा नारच्याङगाउँदेखि अन्नपूर्ण प्रथम आधार शिविरसम्म पदमार्ग निर्माण सुरु भएको थियो । गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच पुगेको र हुमखोलादेखि १६ किलोमिटर दूरीमा पदमार्ग निर्माण गरी ठाउँ–ठाउँमा होटल सञ्चालनमा आएपछि अहिले यो क्षेत्रमा आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ। आधार शिविरको मनोरम पञ्चकुण्ड तालसँगै झरना, खोला र रमणीय भू–वनोटका कारण पर्यटकको आगमन बढेको छ। होटलको क्षमताभन्दा बढी पर्यटक आउँदा होटल व्यवसायीलाई पर्यटकको खाना र बसोबासको प्रबन्ध मिलाउन हम्मेहम्मे हुने गरेको छ।
अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्ग प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहे पनि विद्युत् र सञ्चारको पहुँच, खानेपानीको सुविधा विस्तार तथा सडकमार्गको स्तरोन्नति तत्काल गर्नेपर्ने देखिएको विराटनगरबाट समूहमा भ्रमणमा आउनुभएका मोहन अटलले गुनासो गरे । पदमार्ग क्षेत्रमा रहेका होटलमा बुकिङ गर्न मोबाइल फोन र इन्टरनेटको पहुँच पु¥याउनतर्फ सरकार तथा सरोकारवालाको ध्यान जानुपर्ने उनले बताए।
यस पदमार्गअन्तर्गत हुमखोला, फुतफुते झरना, साँधीखर्क, गुफाफाँट, भुसकेटमेला र पञ्चकुण्ड ताल परिसरमा टेन्टमा बस्ने सुविधासहितका होटल सञ्चालनमा रहेका छन्। सञ्चारसँगै विद्युत् सुविधा नहुँदा खाना पकाउने ग्याँस र बत्तीको लागि जेनेरेटरको व्यवस्था गर्दा खर्चिलो तथा झण्झट व्यहोर्नुपरेको होटल व्यवसायी बताउँछन्।
कम्तीमा दुईदिनको पदयात्रा अवधिमा पर्यटक सञ्चार सम्प्रकबाट विच्छेद हुँदा बिरामी भएको र हिमपातको कारण अलपत्र परेको समयमा उद्धारमासमेत समस्या हुँदै आएको छ । हिमाल आरोहणमा आउने टोलीले स्याटेलाइट प्रविधिको फोनको प्रयोग गर्ने गरे पनि अन्य पर्यटकमाझ सञ्चार सम्पर्कको माध्यम र पहुँच छैन।
हिमाली क्षेत्रको पर्यटक उद्धारमा सक्रिय रहेका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले दुई दिनको पदयात्रा अवधिमा सञ्चार सम्पर्क नहुँदा पर्यटक बेखबर हुने भएकाले आपत्कालीन समय र बिरामी भएको समयमा उद्धारमा सकस हुने गरेको बताए।
'पर्यटक घुम्न आएको समयमा बेमौसममा हिमपात हुनसक्छ, हिमपहिरो नै जान पनि सक्छ, आपत्कालीन रुपमा कसरी उद्धार माग्ने सञ्चारको कुनै पहुँच छैन, पर्यटकको हराएको समयमा धैरै पटक खोजीकार्यमा सञ्चार नहुँदा कठिन हुने गरको छ, पदमार्गमा रहेका होटलमा कम्तीमा स्याटेलाइट वा वाकिटकी फोन राख्न आवश्यक छ', उनले भने ।
नेपालको पर्वतारोहण इतिहासमा सन् १९५० जुन ३ मा फान्सेली पर्वतारोही मौरिस हार्जोगको नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेका थिए । पर्वतारोहणको क्षेत्रमा इतिहास बोकेको यस पदमार्गको पहिचान गरि पदमार्ग, आश्रयस्थल, टिसप, होटल लगायतका पूर्वाधार बनेर प्रचारप्रसार हुन थालेपछि अहिले यस पदमार्गमा पर्यटकको आगमन बढेको छ। विगतका वर्षमा खाना र बस्नका लागि आफैँ बन्दोबस्तीको सामान बोकेर जानुपर्ने बाध्यता होटल सञ्चालनमा आएसँगै हटे पनि सञ्चार र विद्युत्को पहुँच विस्तारमा लाग्नुपर्ने आवश्यकता देखिएको छ।रासस

# सुङ्गा र मदाने दुर्लभ चराको वासस्थान



**गुल्मी।**
गुल्मीको रेसुङ्गा र मदाने वन संरक्षीत क्षेत्र दुर्लभ चराहरुको मुख्य आश्रयस्थल बन्दै गएको छ। विश्वमा पाइने दुर्लभ चराहरुमध्ये गुल्मीमा ६ प्रजातिका फेला परेका छन्।
गुल्मीको रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्र दुर्लभ चराहरुको मुख्य वासस्थान रहेको नेपाल पंक्षी संरक्षण सङ्घका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए।
दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सोतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन्।
रेसुङ्गा र मदाने वन क्षेत्रमा नेपालमा मात्र पाइने काँडे भ्याकुर पाइन्छ। नेपालमा पाइने ९०२ प्रजातिका चरामध्ये गुल्मीमा मात्र विभिन्न प्रजातिका ३५ प्रतिशतभन्दा बढी चरा फेला परेका अधिकृत भट्टराईले जानकारी दिए । नेपाल पंक्षी संरक्षण सङ्घले विभिन्न समयमा गरेको पंक्षी सर्भेक्षणअनुसार रेसुङ्गा वन क्षेत्रमा २७६ प्रजाति र मदाने वन संरक्षण क्षेत्रमा २८९ प्रजातिका चरा फेला परेका हुन्।
जिल्लाका दुई वन संरक्षण क्षेत्रमा गरिएको पछिल्लो सर्भेक्षणअनुसार रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा गरी ३२५ प्रजातिका चराहरुको तथ्याङ्क रेकर्ड गरिएको छ। यो सङ्ख्या नेपालमा पाइने चरा प्रजातिको सङ्ख्याअनुसार हाल ३५ प्रतिशतभन्दा बढी रहेको नेपाल पंक्षी संरक्षण सङ्घले जनाएको छ।
विश्वमा नेपालमा मात्र पाइने काँडे भ्याकुर रेसुङ्गा वन क्षेत्रमा समेत पाइने भएको कारण यसको संरक्षणका लागि अति सङ्कटापूर्ण अवस्थामा रहेका चराको वासस्थानलाई जोगाई राख्नुपर्नेमा यहाँका स्थानीय एवं सरोकारवालाले जोड दिएका छन् । सङ्घले जिल्लामा जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रममार्फत दुर्लभ चराको खोजी गर्दै तिनीहरुको संरक्षणका लागि विभिन्न प्रयास गर्दै आएको छ।
सङ्घले वन क्षेत्रसँग जोडिएका स्थानीयवासीलाई वन जङ्गलको संरक्षण र सम्वद्र्धनसँगै विभिन्न सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।
गुल्मीमा धार्मिक पर्यटन सँगैसँगै चरा पर्यापर्यटनको समेत प्रचुर सम्भावना रहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए। यसबाट जिल्लाका अन्य पर्यटकीय क्षेत्रको विकासमा सहयोग पुग्नुका साथै यसले स्थानीयको जीविकोपार्जनमा समेत ठूलो टेवा पुग्ने विश्वास गरिएको छ।
दुर्लभ प्रजातिका चरा संरक्षणका लागि पछिल्लो समयमा मुख्य चुनौतीको रुपमा वासस्थान विनास, पानीको अभाव, वन–डढेलो, अवैध शिकार, जनचेतनाको अभावजस्ता कारण रहेको सङ्घले जनाएको छ। सङ्घले विगत दश वर्षदेखि जिल्लामा डिभिजन वन कार्यालयसँग सहकार्य गरी चरा संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ।रासस

# बजेट अभावमा 'आमा सुरक्षा कार्यक्रम' प्रभावित

**काभ्रेपलाञ्चोक।**
बजेट अभावका कारण बनेपास्थित शिर मेमोरियल अस्पतालमा सञ्चालित 'आमा सुरक्षा कार्यक्रम' प्रभावित बनेको छ । चौध वर्षदेखि निरन्तर सञ्चालनमा ल्याइएको उक्त कार्यक्रम स्थगन गरिएको अस्पतालले औपचारिक रुपमा घोषणा गरेको छ।
सङ्घीय सरकारले सम्झौताअनुसार पर्याप्त बजेट विनियोजन नगरेका कारण चालु आर्थिक वर्ष २०८२–८३ देखि आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न नसकिने ब्यहोराको पत्र बनेपा नगरपालिका कार्यालयले अस्पताललाई पठाएपछि अस्पतालले आउँदो कात्तिक १ गतेदेखि उक्त कार्यक्रम तत्कालका लागि स्थगित गरेको जनाएको हो । अस्पतालले पत्रकार सम्मेलनमार्फत गराएको जानकारीअनुसार २०६८ सालमा नगर कार्यालय र अस्पतालबीच द्विपक्षीय सम्झौता भई सङ्घीय सरकारको बजेटमा आमा सुरक्षा कार्यक्रम सञ्चालन हुँदै आएको थियो।
नगरले यही असोज २७ गते अस्पताललाई पत्र लेख्दै आउँदो कात्तिक १ गते देखि उक्त कार्यक्रम स्थगित गर्न पत्राचार गरेको थियो । उक्त कार्यक्रममार्फत सुत्केरी हुने महिलाका लागि अस्पतालको तर्फबाट ४८ प्रतिशत, बिरामीको तर्फबाट २० प्रतिशत र सङ्घीय सरकारको तर्फबाट ३२ प्रतिशत खर्च ब्यहोर्ने सहमतिअनुसार सुत्केरी हुँदाका बेला उपचारमा भएको खर्चमा सङ्घीय सरकारले अस्पतालका लागि शल्यक्रिया गर्नुपरेमा १० हजार रुपैयाँ र सामान्य अवस्थामा दुई हजार ५०० रुपैयाँ उपलब्ध गराउँदै आएको थियो । यस्तै बिरामीको अवस्था हेरेर शल्यक्रिया गर्न २५ हजार रुपैयाँ देखि २९ हजार रुपैयाँ तथा सामान्य अवस्थामा तीन हजार ६०० रुपैयाँ देखि चार हजार रुपैयाँ सम्म खर्च हुँदै आएको थियो।
अस्पतालले आमा सुरक्षा कार्यक्रम स्थगित गरे पनि ल्याब टेस्ट, युएसजी र एक्सरेबाहेकका सेवामा दिइरहेको ५० प्रतिशत छुट (जनरल वार्डमा सेवा प्राप्त गर्नेका लागि मात्र) र औषधिमा पाँच प्रतिशत छुट भने अस्पतालको तर्फबाट उपलब्ध गराउँदै आएको अस्पतालका स्वास्थ्य निर्देशक डा एन्जिला बस्नेतले जानकारी दिए। उनका अनुसार रकम तिर्न नसक्ने सुत्केरी हुँदा र भएपछि घर फर्कने खर्च भने अस्पतालको च्यारिटी फन्डबाट सेवा उपलब्ध गराइने छ । अस्पतालका अनुसार आमा सुरक्षा कार्यक्रम सञ्चालन भएको गत आवमा मात्रै एक करोड ४० लाख रुपैयाँ च्यारिटीबाट उपलब्ध गराइएको थियो।
चौध वर्षको अवधिमा उक्त कार्यक्रममार्फत २८ हजार महिलालाई सुत्केरी सेवा प्रदान गरिएको अस्पतालको तथ्याङ्कमा उल्लेख छ । विसं २०१६ मा स्थापित अस्पतालले सुत्केरीको स्वास्थ्य सेवालाई सहज र सरल बनाउने उद्देश्यले ५० प्रतिशत अनुदान अस्पताल स्वंयले ब्यहोर्ने गरी 'शिर मदर केयर प्रोगाम' सञ्चालनमा ल्याएको जनाएको छ।रासस

# सिँचाइका रुग्ण ठेक्का तोडिँदै

**काठमाडौँ।**
ठेक्का सम्झौता गर्ने तर काम नगरेर वर्षौंदेखि अलपत्र पारी रुग्ण बनाइएका सिँचाइतर्फका ठेक्का तोड्न थालिएको छ।
बबई सिँचाइ आयोजनाले करिब ६ वर्षअघि अमन कन्स्ट्रक्सन कम्पनी गुलरिया–५ सँग गरिएको ठेक्का सम्झौता तोड्ने आज सार्वजनिक सूचना जारी गरेको छ।
आयोजनाले कम्पनीसँग नहर मर्मत, कमाण्ड क्षेत्र संरक्षण, भवन मर्मतलगायतका काम गर्न आर्थिक वर्ष २०७७–७८ मा ठेक्का सम्झौता गरेको थियो। छ वटा ठेक्कामध्ये चारको निर्माण प्रगति शून्य छ। एउटाको ३० र अर्कोको ५५ प्रतिशत प्रगति रहेको छ।
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने तथा आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिनुभएको थियो।
आयोजनाले पटकपटक सूचना प्रकाशन गर्दासमेत सम्झौताबमोजिम काम सुरु नगरी बीचैमा छोडी ठेक्काको म्याद समाप्त हुँदासम्म पनि काम सम्पन्न गर्नेतर्फ कुनै चासो नदिएको जनाएको छ।
ठेक्का सम्झौता अन्त्य गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनुनपर्ने कुनै ठोस कारण भएमा १५ दिनभित्र प्रमाणसहित सम्बन्धित आधिकारिक व्यक्ति आयोजना कार्यालयमा उपस्थित हुन सूचना जारी गरिएको छ। पेस गरिएका प्रमाण नियमसङ्गत भरपर्दो वा चित्त बुझ्दो नभएमा सम्झौता र सार्वजनिक खरिद कानूनमा भएको व्यवस्थाबमोजिम कार्यसम्पादन जमानत तथा धरौटी बापत राखिएको रकम जफत तथा कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढ्नेछ।
सिँचाइ विभागअन्तर्गत राष्ट्रिय गौरबका भेरी बबई तथा सुनकोशी मरिण बहुउद्देश्यीयसहित २५ आयोजनाका ठेक्का रुग्ण छन्। त्यसमध्ये छ वटाको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको हो। रासस

# 'काठमाडौँ हारर चलचित्र महोत्सव' कात्तिक दोस्रो सातादेखि

**काठमाडौँ।**
आगामी कात्तिक दोस्रो सातादेखि 'काठमाडौँ हारर चलचित्र महोत्सव' हुने भएको छ । नेपालमा पहिलोपटक आयोजना हुन लागेको उक्त महोत्सवका लागि १५ देशका २५ उत्कृष्ट 'हरर', 'फ्यान्टेसी' तथा लोककथा आधारित चलचित्र छनोट भएका छन्।
अक्टोबर ३१ तारिखमा मनाइने 'हेलोविन डे' को अवसर पारेर आगामी कात्तिक १४ देखि १६ गतेसम्म काठमाडौँमा आयोजना हुने उक्त महोत्सवले नेपाली दर्शकलाई अन्तरराष्ट्रियस्तरका रहस्यमय र डरलाग्दा कथाहरूको अनुभव गराउने आयोजक संस्था नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले जानकारी दिए।
उनले भने, 'नेपालमा केही फरक गरौँ भनेर हामीले सुरुआत गर्न लागेका हौँ । रहस्यमय र डरलाग्दा कथाहरूको अनुभव गर्न रुचाउने दर्शकका लागि यो महोत्सव उपयोगी हुनेछ ।'
अध्यक्ष पाठकले विश्वभरबाट प्राप्त एक सयभन्दा बढी चलचित्रमध्येबाट छनोट समितिले गुणस्तर, विविधता र पारदर्शिताका आधारमा १५ देशका २५ चलचित्र छनोट गरेको जानकारी दिए।
'नेपालमा हरर शैलीका चलचित्रको निर्माण कम छ। यो महोत्सवले यसलाई प्रोत्साहन दिँदै दर्शकलाई नयाँ अनुभव प्रदान गर्नेछ।
नेपाली लोककथा र संस्कृतिसँग जोडिएका तत्व पनि समावेश हुनेछन्', उनले भने।
महोत्सवका लागि अन्तरराष्ट्रिय तथा राष्ट्रिय विज्ञहरू सम्मिलित निर्णायक मण्डलमा प्रसिद्ध फोटोग्राफर राजभाइ सुवाल, चलचित्र समीक्षक होसाम फाह्मी, एलेक्जान्ड्रा एनवर्ग र यास्मिन बुछफार छन । महोत्सवको मुख्य उद्देश्य नेपालमा 'हरर' शैलीका चलचित्रको निर्माण र विकासलाई प्रोत्साहन गर्नु रहेको आयोजक संस्थाले जनाएको छ।रासस

# आयुसिएनको क्षेत्रीय परिषद् सदस्यमा अधिकारी निर्वाचित

**काठमाडौँ।**
नेपाल वातावरण पत्रकार समूह (नेफेज) का पूर्वअध्यक्ष रोशनी अधिकारी पाठक अन्तरराष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) को क्षेत्रीय परिषद् सदस्यमा निर्वाचित भएकी छन ।अधिकारी सन् २०२६–२०२९ का लागि आयुसिएनको पूर्व र दक्षिण एसिया क्षेत्रीय परिषद् सदस्यका रूपमा निर्वाचित हुनुभएको संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ । यही अक्टोबर ९ देखि १५ तारिखसम्म अबुधाबीमा सम्पन्न आयुसिएन विश्व संरक्षण महासभाका क्रममा भारत, चीन, पाकिस्तान, मलेसिया, जापान र नेपालका सात उम्मेदवारबीच पाँच क्षेत्रीय परिषद् सङ्ख्याका लागि प्रतिस्पर्धा भएको थियो। उक्त महासभाले सन् २०२६–२०२९ अवधिका लागि नयाँ नेतृत्व र देशीय प्रतिनिधिको निर्वाचन सम्पन्न गरेको छ । संयुक्त अरब इमिरेट्सका रजान खलिफा अल मुबारक पुनः दोस्रो कार्यकालका लागि आयुसिएनको अध्यक्ष पदमा सन् २०२६–२०२९ अवधिका लागि निर्वाचित भएका छन।रासस

# बाढीले पाँच करोडको धान नष्ट

**झापा।**
यही असोज १८ देखि २० गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीले झापामा ४६३ दशमलव ४२ हेक्टर जमिनको धानबाली नष्ट गरेको छ।
कृषि ज्ञान कार्यालयका प्रमुख सागर विष्टले ७०३ कृषकको पाँच करोड ७५ लाख २३ हजार रुपैयाँ बराबरको एक हजार ६४४ दशमलव ३३ मेट्रिक टन धान नष्ट गरेको जानकारी दिए।
'बाढीले अन्य कृषिबालीमा पनि क्षति गरेको छ, तर धानमा जति अरुमा छैन', उनले भने, 'पाक्न लागेको धान बाढीले बगाउँदा किसानको बिचल्ली भएको छ ।' वर्षाका कारण कनकाई र विरिङ नदीमा आएको बाढीले सबैभन्दा बढी धान खेत बगाएको छ। बाढीले गौरीगञ्ज, झापा गाउँपालिका, भद्रपुर, कनकाई, शिवसताक्षी र गौरादह नगरपालिकाको पाँच हजार १२ दशमलव ६३ हेक्टर जमिनमा लगाएको कृषिजन्य वस्तु बगाएको प्रमुख विष्टले बताए। उनले अन्य पालिकाको तुलनामा झापा गाउँपालिकामा धेरै क्षति भएको जानकारी दिए। यो पालिकाको वडा नं १,२ र ३ का ४३१ किसानको पाँच करोड १४ लाख ४७ हजार रुपैयाँ बराबरको धान, आलु र केरा नष्ट भएको छ।रासस

# निर्वाचनका बेलामा सीमामा सुरक्षा व्यवस्थित गर्न बैठक



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी नोभेम्बर ११ तारिखमा हुन गइरहेको बिहार विधान सभा आमनिर्वाचनलाई लक्षित गर्दै नेपाल भारत सुरक्षा अधिकारीको संयुक्त बैठक भएको छ । एकीकृत सुरक्षा जाँच चौकी आइसिपी रक्सौलको सभाहलमा आयोजित बैठकमा दुवै देशका उच्चपदस्थ सुरक्षा अधिकारीले निर्वाचनका बेला खुल्ला सीमाको कारण हुन सक्ने आपराधिक गतिविधिको नियन्त्रण,सिम सुरक्षामा कडाइ गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । बैठकमा नेपालका सुरक्षा अधिकारीहरूले बिहारमा हुने निर्वाचनलाई शान्तिपूर्ण बनाउन आवश्यक सहयोग गर्ने जनाएका छन् ।

नेपाल भारत सीमावर्ती जिल्लाका सुरक्षा अधिकारीको संयुक्त समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै सीमा सुरक्षा बल (एसएसबी) सीमान्त मुख्यालय, पटनाका महानिरीक्षक नशीथ कुमार उज्जवलले सीमाबाट आवतजावत गर्ने नागरिकको पहिचान गरी कडा चेक जाँच र अवैध हातहतियार तथा अपराधीको घुसपैठ पूर्णरुपमा नियन्त्रण गर्न संयुक्त सीमा सुरक्षा अधिकारीलाई आग्रह गरे ।

बैठकमा बिहार विधान सभा चुनावको सुरक्षासँगै, तस्करी नियन्त्रण तथा सीमावर्ती सुरक्षासम्बन्धी विभिन्न विषयमा गम्भीर छलफल भएको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जानकारी दिए । बैठकमा नेपालबाट पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, सशस्त्र प्रहरी बल ३ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेल, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका बारा, पर्सा, रौतहट, चितवनका प्रमुखहरूसहितका सुरक्षा प्रमुखहरूको सहभागिता थियो ।

त्यसैगरी बैठकमा भारतका तर्पmबाट पूर्वी चम्पारण बिहारका प्रमुख जिल्ला अधिकारी सौरभ जोरवाल, क्षेत्रीय मुख्यालय एसएसबी बेतियाका उपमहानिरीक्षक एस सुब्रमण्यम, ४७ औँ बाहिनी एसएसबी रक्सौलका कमान्डेन्ट संजय पाण्डेय, मोतिहारीका प्रहरी अधीक्षक स्वर्ण प्रभातलगायतको सहभागिता थियो ।

# ३ हजार किलो केराउ बरामद

**मधेशदृष्टि**
**बारा ।**
पथलैयामा प्रहरीले भन्सार छली गरी केराउ ढुवानी गर्दै गरेको पिकअप गाडी नियन्त्रणमा लिएको छ । विशेष सूचनाका आधारमा गरिएको कारबाहीमा प्रहरीले करिब ३ हजार किलो केराउ बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार, बिहान करिब ४ बजेर २० मिनेट जाँदा प्रहरी चौकी पथलैयाबाट खटिएको टोलीले जीतपुर सिमरा उपमहानगरपालिका–१, पथलैया सडकखण्डमा गाडी रोकेर जाँच गरेको थियो ।

प्रहरीले पचरौताबाट नारायणघाटतर्फ गरेको बाप्र०१–०३२ च–२९७१ नम्बरको पिकअप गाडी चेकजाँच गर्दा बिल, भर्पाई र भन्सार कागजात नभएको अवस्थामा केराउ फेला पारेको हो । बरामद गरिएको केराउको अनुमानित बजार मूल्य ३ लाख ६० हजार रुपैयाँ बराबर रहेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार, प्रारम्भिक अनुसन्धानमा केराउ भारतबाट भन्सार शुल्क नतिरी नेपाल भित्र्याइएको आशंका गरिएको छ । कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालयमा बुझाइएको छ ।

- **गाँजा ओसारपसारमा संलग्न भारतीय समातिए**

पर्साको वीरगंजबाट प्रहरीले अवैध लागुऔषध गाँजा ओसारपसारमा संलग्न भारतीयलाई पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति भारत, बिहार राज्यको पटनाका ७० वर्षीय ब्रम्ह सहनी हुन् । सशस्त्र प्रहरी बल, नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साको टोलीले बुधबार राति करिब साढे १० बजे वीरगंज महानगरपालिका–१६, भन्सार कार्यालय पछाडिको मन्दिर क्षेत्रबाट उनलाई नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार, प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको सशस्त्र प्रहरी टोलीले नियमित गस्ती तथा चेकजाँचका क्रममा रक्सौलतर्फ पैदल जाँदै गरेका सहनीलाई रोकजाँच गर्दा प्लास्टिक र टेपले बेरिएको अवस्थामा लुकाइछिपाइ ल्याइएको ६ किलो गाँजा फेला परेको हो ।

सशस्त्र प्रहरीका प्रवक्ता डिएसपी सुरज कार्कीका अनुसार, बरामद गरिएको गाँजासहित सहनीलाई नियन्त्रणमा लिएर आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको छ । पक्राउ परेका सहनीलाई आवश्यक अनुसन्धान र कारबाहीका लागि वडा प्रहरी कार्यालय बिर्तामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । पर्सा र आसपासका सीमावर्ती क्षेत्रहरू भारतसँगको खुला सीमाका कारण लागुऔषध तस्करीका लागि संवेदनशील नाका मानिन्छन् ।

## धनुषामा कुँवर आउँदै

**मधेशदृष्टि**
**धनुषा ।**
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक नरहरि रेग्मीको सरुवा भएको छ । उनी वैशाखमा धनुषा आएका थिए । उनका ठाउँमा प्रहरी उपरीक्षक रुगम कुँवर आउने भएका छन् ।

# एमालेका केन्द्रीय सदस्यहरु बोल्ने क्रम जारी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेले नेतृत्व परिवर्तनबारे चलेको बहस महाधिवेशनले नै निष्कर्षमा पु¥याउने जनाएको छ ।

केन्द्रीय कमिटी बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले नेतृत्व परिवर्तनबारे अहिले छलफल गर्न आवश्यक नरहेको बताए ।

उनले भने, 'यो विषय महाधिवेशनको एजेन्डा हो । अहिले यहाँ धेरै केन्द्रित भएर छलफल गर्न आवश्यक छैन । भावी नेतृत्व, नेतृत्वमा इच्छुक साथीले महाधिवेशनमा आफ्नो कुरा राख्नुहुन्छ ।'

बिहीबारको बैठकमा १ सय ३४ जनाले धारणा राखेको र शुक्रबार पनि बैठक बस्ने बताए । संविधान र जनअधिकारको रक्षाको लागि प्रतिनिधिसभाको पुनस्र्थापना गरेर जानुपर्छ भन्ने कुरा बैठकमा उठेको बताए ।

उनले थपे, 'संविधान पक्षधर शक्तिहरूलाई एक ठाउँमा ल्याएर व्यापक जनपरिचालन गरेर निर्णयमा पु¥याउनुपर्छ भन्ने सुझाव आएका छन् ।' संविधानलाई ट्र्याकमा ल्याउन संसद् पुनस्र्थापनबाट मात्रै सम्भव हुनेतर्फ बैठकअघि बढेको बताए । उनले निर्वाचन आयोगसँगको छलफलमा निर्वाचनको वातावरण बनाउनको लागि ७ बुँदे धारणा बुझाएको बताए ।

उनले भने, 'हामीले निर्वाचनमा भाग लिँदैनौँ भनेका छैनौँ । सरकारले राजनीतिक दललाई निषेध गर्ने, अनावश्यक धाक धम्की दिनेतिर लागेको छ । निर्वाचनको वातावरण बनेको छैन ।'

उनले सरकारलाई निर्वाचनको वातावरण बनाउन आग्रह गर्दै अहिलेसम्म प्रधानमन्त्रीले राजनीतिक दलहरूसँग वार्ता नगरेको पनि बताए ।

# सहकारीपीडितको समस्या समाधानमा प्रधानमन्त्रीको पहल

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले सहकारी पीडितहरूको समस्या समाधानका लागि पहल लिएकी छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहीबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री अनिल सिन्हा, सहकारी मन्त्रालयका सचिव केदारनाथ शर्मा, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सङ्कटग्रस्त समस्या समाधान समितिका अध्यक्ष, सहकारी नियमन प्राधिकरणका पदाधिकारी, सहकारीपीडित बचतकर्ता संरक्षण राष्ट्रिय महासङ्घका पदाधिकारीलाई एकै ठाउँमा राखेर प्रधानमन्त्री कार्कीले सिंहदरबारमा छलफल गरेकी हुन् ।

उनले सहकारी ठगी गरेर हिँड्नेहरूलाई कुनै हालतमा छाड्न नहुने बताइन् । 'ठगेर खानेलाई छाड्न मिल्दैन । बरु कानूनमा समस्या छ भने त्यो पनि संशोधन गरौँ, जे गर्नुपर्छ गरौँ तर ठगेर हिँड्नेलाई नछाडौँ, पीडितलाई रुँदै हिँड्नुपर्ने अवस्था अन्त्य गरौँ,' प्रधानमन्त्रीले भनिन्, 'अहिले नै गर्नुपर्छ ।

हामीले नै गर्नुपर्छ । यो सरकारको मुख्य काम नै चुनाव सम्पन्न गर्नु, भ्रष्टाचारमा कारबाही गर्नु र सहकारी समस्या समाधान गर्नु हो । यसैका लागि आएको हो ।'

सहकारी ठगीमा परेकाहरूको घरजग्गा नै लिलाम गरेर भए पनि पीडितको बचत फिर्ता हुनुपर्ने उनको भनाइ थियो ।

**फिर्ता बोलाइएका ११ राजदूत**

सरकारले पूर्ववर्ती सरकारले नियुक्त गरेका विभिन्न देशका राजदूतहरू फिर्ता बोलाउने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, संयुक्त अधिराज्यलगायतका नेपाली आवासीय राजदूत राजदूतहरुलाई फिर्ता बोलाउने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका सूचना तथा सञ्चार प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

फिर्ता बोलाइएकाहरूमा चीनका लागि नेपाली राजदूत प्राध्यापक डाक्टर कृष्ण प्रसाद ओली, जर्मनीका लागि नेपाली राजदूत डाक्टर शैल रुपाखेती, इजरायलका लागि नेपाली राजदूत प्राध्यापक धनप्रसाद पण्डित छन् ।

यस्तै, मलेसियाका लागि नेपाली राजदूत डाक्टर नेत्र प्रसाद तिमिल्सिना, कतारका लागि नेपाली राजदूत रमेश चन्द्र पौडेल, रुसका लागि नेपाली राजदूत जंगबहादुर चौहान साउदी अरबका लागि नेपाली राजदूत नरेश विक्रम ढकाल, स्पेनका लागि नेपाली राजदूत सनिल नेपाल, संयुक्त अधिराज्यका लागि नेपाली राजदूत चन्द्र कुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लागि नेपाली राजदूत लोकदर्शनं रेग्मी र जापानका लागि नेपाली राजदूत दुर्गा बहादुर सुवेदीलाई फिर्ता बोलाउने निर्णय गरेको खरेलले बताए । फिर्ता बोलाइएका राजदूतहरूलाई आगामी कार्तिक २० गतेसम्म स्वदेश फर्कन भनिएको छ ।

**सरकार र जेन्जी प्रतिनिधिबीच छलफल**

राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितिमा सरकार र जेन्जी प्रतिनिधिबीच छलफल भएको छ ।


राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेलको उपस्थितिमा प्रधानमन्त्री सुशीला कार्की र जेन्जीको प्रतिनिधित्व गर्ने विभिन्न व्यक्तिहरुको सहभागिता छ । छलफलमा विभिन्न मन्त्री, सरकारी लगायतको सहभागिता छ ।

बैठकमा जेन्जीका प्रतिनिधिहरु मदन कार्की, मोनिका निरौला, भोजविक्रम थापा, शिव यादव, उर्पाजुन चाम्लिङ, निकुञ्ज भण्डारी, रिजन राना, बब्लु गुप्ता, ओजस्वीराज थापा, पुरुषोत्तम यादव, आदित्य आचार्य, खेमराज साउद, अप्सना बानु, प्रदीप पाण्डे, गुञ्जन शाह ठकुरी र धीरज जोशी सहभागी छन् ।

# प्रवासी रेडियो स्रोता संघद्वारा सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर १, कञ्चनपुर पर्सा निवासी बैजुल्लाह मियाँ अन्सारीका छोरा, रेयाजुल मियाँ अन्सारीलाई मृगौला रोगको उपचारका लागि प्रवासी रेडियो श्रोता संघले नगद २७ हजार ३० रूपैयाँ आर्थिक सहयोग गरेको छ । दीर्घकालीन मृगौला समस्याबाट ग्रसित रेयाजुल मियाँको उपचार खर्चमा केही सहजता होस् भन्ने उद्देश्यले संघका सदस्यहरूले स्वेच्छिक रूपमा रकम संकलन गरी पीडित परिवारलाई हस्तान्तरण गरेका हुन् । रेडियो श्रोताहरूबीच आपसी सहकार्य र मानवीय सेवाको भावनाबाट प्रेरित भई गरिएको यस सहयोगलाई स्थानीयवासीले सराहना गरेका छन् । मियाँको उपचारको लागि थप सहयोगको आवश्यकता रहेकोले सहयोगी मनलाई सहयोग गर्न स्थानीय समाजसेवीले आग्रह गरेका छन् ।

Madhesh Agricultural University
मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-3, सप्तरी, मधेश प्रदेश, नेपाल
सूचना ! सूचना !! सूचना !!!
कृषि स्नातक (B.Sc.Ag.Hons.) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना
शैक्षिक सत्र २०८२/०८३ कालागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फारम भर्न मिति २०८२/०६/३० गतेसम्म रहेकोमा मिति २०८२/०७/२१ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्ना म्याद थपको सूचना प्रकाशन गरिएको छ।



जनहितमा जारी सन्देश
लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन